# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ४४ | काठमाडौं | शुक्रबार, २३ जेठ २०८२ | Prabhab National Daily | Friday, June 06 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


पतञ्जलि योगपीठको जग्गा प्रकरण

# पूर्वप्रधानमन्त्री नेपालसहित ९३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा


▌१८ करोड ५८ लाख ५० हजार बिगो मागदाबी ▌नेपालको सांसद पद निलम्बन

- पूर्वमन्त्री प्रेमबहादुर सिंह, पूर्वमन्त्री स्वर्गीय डम्बर श्रेष्ठका छोरा, पूर्वमुख्यसचिव स्वर्गीय माधव घिमिरेकी श्रीमती, पूर्वसचिव छविलाल पन्तलगायत पनि प्रतिवादी
- काभ्रेको साँगालगायत क्षेत्रमा पतञ्जलिको जग्गा सट्टापट्टा गरेर भ्रष्टाचार गरेको अख्तियारको ठहर

■ जेबी योञ्जन

**काठमाडौं**– पूर्वप्रधानमन्त्री तथा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता भएको छ । काभ्रेको साँगामा रहेको पतञ्जलि योगपीठको जग्गा सट्टापट्टा प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नेपालविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो । नेपालसँगै पूर्वमन्त्री प्रेमबहादुर सिंह, पूर्वमन्त्री डम्बर श्रेष्ठका छोरालगायत ९३ जनालाई अख्तियारले भ्रष्टाचार मुद्दामा प्रतिवादी बनाएको छ ।

भ्रष्टाचार मुद्दा झेल्ने नेपाल तेस्रो प्रधानमन्त्री भएका छन् । पञ्चायतकालमा गलैंचाकाण्डमा बहालवाला प्रधानमन्त्री डा. तुलसी गिरी र प्रजातन्त्र बहालीपछि ज्ञानेन्द्र शाहको शासनकालमा प्रधानमन्त्री शेरबहादुर देउवाले मेलम्ची भ्रष्टाचार प्रकरणमा मुद्दा झेलेका थिए । देउवा दुई वर्ष जेल परेका थिए । गणतन्त्रकालमा भने नेपालले भ्रष्टाचार मुद्दा झेल्नुपर्‍यो ।



बाराको सिमरा विमानस्थलमा बिहीबार अपराह्न सञ्चारकर्मीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको विषयमा प्रतिक्रिया दिँदै पूर्वप्रधानमन्त्री एवं नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाल ।

*तस्बिरः दिवाकर भण्डारी/रासस*

### नेपालमाथि अख्तियारको सात आरोप

१. सरकारीकरण हुनुपर्ने जग्गा सट्टापट्टाको सुविधा दिएको
२. कुनै विवरण संलग्न नगरी हदबन्दी छुट दिएको
३. कर्मचारीहरूमाथि दबाब र धम्की दिएर प्रस्ताव पेस गर्न लगाएको
४. हदबन्दी छुटको नीति नै परिमार्जन गरी निर्णय गराएको
५. मन्त्रिपरिषद्मा ठाडो प्रस्ताव पेस गर्न लगाउनु बदनियत देखिएको
६. चर्को दबाब थेग्न नसकेर कर्मचारीहरूले गलत निर्णय गरेको
७. ओहोदाको दुरूपयोग गरी सम्पत्ति हिनामिना गराएको

उनीविरुद्ध भ्रष्टाचार मुद्दामा १८ करोड ५८ लाख ५० हजार बिगो मागदाबी गरिएको विशेष अदालतका प्रवक्ता यज्ञराज रेग्मीले प्रभावलाई जानकारी दिए । भ्रष्टाचार मुद्दा दायर भएसँगै नेपालको प्रतिनिधिसभा सदस्य पद स्वतः निलम्बनमा परेको छ ।

नेपालसँगै अब निलम्बनमा पर्ने प्रतिनिधिसभा सदस्यको संख्या चार पुगेको छ । यसअघि टेरामक्स भ्रष्टाचार प्रकरणमा पूर्वमन्त्रीसमेत रहेका कांग्रेस सांसद मोहनबहादुर बस्नेतविरुद्ध मुद्दा दायर भएपछि उनको पनि सांसद पद निलम्बनमा परेको थियो । सम्पत्ति शुद्धीकरण मुद्दा पर्दा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र भुटानी शरणार्थी प्रकरणमा मुद्दा दायर हुँदा एमालेसचिव टोपबहादुर रायमाझीको सांसद पद निलम्बनमा परेको थियो ।

बिहीबार सांसदबाट निलम्बित हुनेमा पूर्वप्रधानमन्त्री नेपाल थपिएका हुन् । उनी प्रधानमन्त्री हुँदा पतञ्जलि योगपीठले काभ्रेको साँगामा जडीबुटी खेती र आयुर्वेद अस्पताल निर्माणका लागि हदबन्दी छुटमा जग्गा खरिद गरेको थियो ।

क्रमशः पृष्ठ २ मा

### 'बदलाको भावनाबाट म माथि मुद्दा चलाइयो, भ्रष्टाचार गरेको छैन'

पूर्वप्रधानमन्त्री एवं नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले प्रधानमन्त्री केपी ओलीको निर्देशनमा अख्तियारले आफूमाथि मुद्दा दायर गरेको टिप्पणी गरेका छन् । उनले ओली बदलाको भावनाले चलेको गुनासो गरे ।

पतञ्जलिको जग्गा प्रकरणमा भ्रष्टाचार मुद्दा दायरपछि गृहजिल्ला रौतहटबाट काठमाडौं फर्कनेक्रममा बाराको सिमरा विमानस्थलमा बिहीबार सञ्चारकर्मीहरूसँग उनले भने, 'केपी ओलीको निर्देशनमा मुद्दा दर्ता भएको हो । उहाँ मेरोविरुद्धमा सुरुदेखि नै लाग्नुभएको हो । मेरो राजनीतिक करिअर समाप्त पार्ने उहाँको नियत नै हो । पहिले पनि यस्तै किसिमले पटक-पटक कोसिस गर्नुभएकै हो । उहाँ बदलाको भावनाबाट चल्नुहुन्छ ।'

नेपालले एक रूपैयाँ पनि भ्रष्टाचार नगरेको पनि दाबी गरेका छन् । बिहीबार बेलुका नै उनी काठमाडौंमा आइपुगेका छन् । उनले शम्भु श्रेष्ठसहितका कानुन व्यवसायीहरूसँग परामर्श लिएका छन् ।

उनको दल नेकपा एकीकृत समाजवादी पार्टीको बैठकले अध्यक्ष नेपालमाथि पूर्वाग्रही ढंगले प्रतिशोध साँधिएको ठहर गरेको छ ।

क्रमशः पृष्ठ ३ मा

# 'ठूला माछा'लाई मुद्दा चलाउने अख्तियारको आँट

■ प्रभाव संवाददाता

**काठमाडौं**– भ्रष्टाचारको विषयमा 'ठूला माछा' भनी चित्रण गरिने प्रधानमन्त्रीस्तरका नेताहरूमाथि बल्ल अख्तियारले मुद्दा चलाउने आँट गरेको छ । यसअघि मन्त्री र साना कर्मचारीमात्र कारबाहीमा परेसँगै धेरैले ठूला माछा जहिल्यै उम्किने आरोप लगाउँथे ।

- पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईलाई ललितानिवास प्रकरणमा छुट
- वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली गिरीबन्धु टी-स्टेटदेखि ओम्नी काण्डसम्म मुछिएका छन्
- पूर्वप्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालविरुद्ध लडाकु शिविर घोटालाको आरोप

बिहीबार पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेसँगै यो आरोपबाट अख्तियार एक हिसाबले मुक्त भएको छ । पतञ्जलि जग्गा प्रकरणमा नेपालसहित ९३ जनाविरुद्ध दायर गरिएको मुद्दामा नेपालमाथि १८ करोड ५८ लाख बिगो जरिवाना र सजायको माग गरिएको छ । यसअघि अख्तियारले मन्त्रिपरिषद्को निर्णयलाई नीतिगत भन्दै अनुसन्धान वा मुद्दा अघि बढाउन आनाकानी गरिरहेको थियो ।

अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राई रहेकै बेला बालुवाटारस्थिति ललिता निवासको जग्गा हिनामिना प्रकरणमा मन्त्रीदेखि व्यवसायी तानिए । तर पूर्वप्रधानमन्त्रीले छुट पाए । मन्त्रिपरिषद्ले गरेका निर्णय नीतिगत भन्दै त्यतिबेला अख्तियार प्रमुख राईले नेपाल र डा. बाबुराम भट्टराईविरुद्ध मुद्दा दायर गर्न अस्वीकार गरेका थिए । मन्त्रिपरिषद्को निर्णयमा प्रवेश गर्न नमिल्ने भन्दै पन्छिएका राईले यसपटक भने उस्तै प्रकृतिको निर्णयमा मुद्दा अघि बढाएका हुन् ।

यतिमात्र हैन अहिलेका प्रधानमन्त्री केपी शर्मा ओलीले पनि मन्त्रिपरिषद्को बैठकबाट गिरीबन्धु टी-स्टेटलाई ३४३ बिघा जग्गा सट्टापट्टा गर्न दिने निर्णय गरेका थिए । ओलीको यो निर्णय सर्वोच्च अदालतले २०८० माघमा खारेज गरिदिएको थियो । यस विषयमा आफू प्रतिपक्षमा रहँदा नेपाली कांग्रेसले छानबिनका लागि जोडदार माग गरेको थियो । ओलीमाथि यतीदेखि ओम्नी काण्डको आरोप कांग्रेसले आफू प्रतिपक्षमा रहँदा उठाउँदै आएको छ ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालविरुद्ध लडाकु शिविर घोटालादेखि शेरा दरबार जग्गा प्रकरणसम्मका आरोप छन् ।

क्रमशः पृष्ठ ३ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# विश्वव्यापी रोजगारीको अवसर घट्ने आइएलओको प्रक्षेपण

■ ममता थापा

**काठमाडौं**– सन् २०२५ मा विश्वव्यापीरूपमा पाँच करोड ३० लाख रोजगारी सिर्जना हुने अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)ले प्रक्षेपण गरेको छ । आइएलओले यसअघि सन् २०२५ मा विश्वबजारमा छ करोड रोजगारी सिर्जना हुने प्रक्षेपण गरेको थियो । तर भूराजनीतिक तनाव र व्यापार क्षेत्रमा देखिएका अवरोधका कारण ७० लाख रोजगारी घट्ने अध्ययन सार्वजनिक गरेको हो । यसका साथै विश्वको कूल गार्हस्थ उत्पादन (जिडिपी) पनि ३.२ प्रतिशतबाट झरेर २.८ प्रतिशतका सीमित हुने जनाएको छ । अध्ययनले विश्वको श्रम तथा अर्थ बजार कमजोर हुने निष्कर्ष निकालेको छ ।

आइएलओले सार्वजनिक गरेको 'विश्व रोजगार र सामाजिक दृष्टिकोण' नामको अध्ययन अन्तर्राष्ट्रिय मुद्रा कोषको हालसालैको अध्ययनमा आधारित रहेको जनाएको छ । अध्ययनका अनुसार विश्वको श्रमबजारमा उच्च दक्ष श्रमिकको माग बढ्दो छ । यो परिपाटीलाई महिलाहरूले अगाडि बढाइरहेको सो प्रतिवेदनले जनाएको छ । सन् २०१३ देखि २०२३ को बीचमा उच्च दक्ष काममा आबद्ध महिलाहरूको हिस्सा २१.२ बाट बढेर २३.२ प्रतिशत पुगेको छ । उच्च दक्ष पेसामा आबद्ध पुरुषहरूकको अनुपात सन् २०२३ मा करिब १८ प्रतिशतमात्र थियो । यद्यपि, लैंगिक हिसाबले कामको विभाजन गर्ने प्रवृत्ति भने कायमै रहेको पाइएको छ । निर्माण लगायतका क्षेत्रमा महिलाको उपस्थिति कम छ भने स्याहारसुसार, लेखापालजस्ता भूमिकामा बढी भेटिएको छ ।





- सन् २०२५ मा पाँच करोड ३० लाख रोजगारी सिर्जना हुने आइएलओको अनुमान
- यसअघि छ करोड रोजगारी सिर्जना हुने प्रक्षेपण गरिएकोमा पछिल्लो भूराजनीतिक तनाव र व्यापार क्षेत्रमा देखिएका अवरोधका कारण ७० लाख रोजगारी घट्ने अध्ययनको निष्कर्ष

विश्वव्यापीरूपमा शिक्षित जनसंख्याको वृद्धि हुँदै जाँदा श्रमबजारमा रोजगारी र शैक्षिक योग्यताबीच बेमेल देखिन थालेको छ । सन् २०२२ मा ४७.७ प्रतिशत श्रमिकले मात्र आफ्नो योग्यताअनुसारको काम गरेको पाइएको छ । पछिल्लो दशकमा कम शिक्षित श्रमिक ३७.९ प्रतिशतबाट घटेर ३३.४ प्रतिशतमा झरेका छन् । अति शिक्षित श्रमिकको संख्या भने १५.५ प्रतिशतबाट बढेर १८.९ प्रतिशत पुगेको अध्ययनले देखाएको छ ।

क्रमशः पृष्ठ ३ मा

## युएई जाने नेपाली श्रमिकको न्यूनतम तलब बढ्यो

**काठमाडौं (प्रस)**– श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले संयुक्त अरब इमिरेटस (युएई) जाने कामदारका लागि एक हजार दिरामभन्दा कम तलब सुविधा भए मागपत्र प्रमाणीकरण नहुने बताएका छन् ।

बिहीबार मन्त्री भण्डारीले युएई जाने श्रमिकको न्यूनतम तलब निर्धारण गर्ने निर्णय गरेका हुन् । उनले युएई जाने कामदारहरूको न्यूनतम तलब एक हजार दिराम भएमात्रै राजदूतावासबाट मागपत्र प्रमाणीकरण हुने बताए । मन्त्री भण्डारीले युएई नेपाली श्रमिकका लागि आर्कषण गन्तव्यको रूपमा देखिएको उल्लेख गर्दै त्यहाँस्थित दूतावासको सुझावमा न्यूनतम तलब एक हजार हुनुपर्ने प्रस्तावलाई परराष्ट्र मन्त्रालय र कानुन मन्त्रालयको सहमतिमा मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत गरिएको बताए ।

'युएई जाने कामदारको हकमा पहिले ८००, एक हजार र १२ सय दिराम तलबको अनुपात लागू थियो । तर, अब अदक्ष, अर्धदक्ष र दक्ष श्रमिकको क्रमशः न्यूनतम एक हजार, १२ सय र १५ सय दिराम तलब निर्धारण गरिएको छ । तोकिएको भन्दा कम तलब भए कुनै पनि मागपत्र प्रमाणीकरण हुने छैन,' मन्त्री भण्डारीले भने ।

मन्त्री भण्डारीले युएई जाने नेपाली कामदारहरूको हितमा यो निर्णय उपलब्धिमूलक हुने विश्वास व्यक्त गरे । उनले यस निर्णयबाट युएईमा न्यून तलबमा काम गर्ने नेपाली श्रमिकहरूलाई ठूलो राहत मिल्ने बताए ।

क्रमशः पृष्ठ ३ मा



## पृष्ठ १ बाट क्रमशः

# पूर्वप्रधानमन्त्री...

मन्त्रिपरिषद्बाट हदबन्दी छुटमा पाएको जग्गा मन्त्रिपरिषद्कै निर्णयबाट बिक्री भएको पाइएपछि अख्तियारले छानबिन सुरु गरेको थियो । सोही प्रकरणमा बिहीबार पूर्वप्रधानमन्त्री नेपालसहित ९३ जनालाई प्रतिवादी बनाएर अख्तियारले विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दायर गरेको हो ।

पतञ्जलिले जडीबुटी खेती र आयुर्वेद अस्पताल निर्माणका लागि हदबन्दी छुटमा जग्गा खरिद गरेको थियो । खरिद गरेकामध्ये केही जग्गा बिक्री गरेको फेला परेको छ । यसपछि अख्तियारले छानबिन थालेको थियो । यसबीचमा निर्णय प्रक्रियामा संलग्नहरूसँग अख्तियारले बयानसमेत लिएको थियो । बयान लिनेमध्येमा पूर्वप्रधानमन्त्री नेपाल पनि थिए । बयानको आधारमा बिहीबार अख्तियारले पूर्वप्रधानमन्त्री नेपाललगायतविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

उनीविरुद्ध सरकारीकरण हुनुपर्ने जग्गा सट्टापट्टाको सुविधा दिएको, कुनै विवरण संलग्न नगरी हदबन्दी छुट दिएको, कर्मचारीहरूमाथि दबाब र धम्की दिएर प्रस्ताव पेस गर्न लगाएको र हदबन्दी छुटको नीति नै परिमार्जन गरी निर्णय गराएको आरोप अख्तियारको छ । मन्त्रिपरिषद्मा ठाडो प्रस्ताव पेस गर्न लगाउनु बदनियत देखिएको, चर्को दबाब थेग्न नसकेर कर्मचारीहरूले गलत निर्णय गरेको र ओहोदाको दुरूपयोग गरी सम्पत्ति हिनामिना गराएको पनि आरोप लगाएको छ ।

तर, अख्तियारले मुद्दा दायर गरेका ९३ जनामध्ये मुख्य योजनाकार भने शालिग्राम सिंहलाई मानेको छ । पतञ्जलिलाई हदबन्दी छुटमा जग्गा मिलाउनेदेखि बेचबिखन गर्नेसम्म उनको मुख्य भूमिका रहेको अख्तियारले आरोपपत्रमा उल्लेख गरेको छ । सिंहकै मुख्य सक्रियतामा भएको यो काममा उनीमात्रै नभएर पूर्वप्रधानमन्त्री नेपालसम्मको 'कनेक्सन' देखिएको बताउँदै नेपालविरुद्ध अख्तियारले मुद्दा दायर गरेको हो । पतञ्जलि योगपीठ तथा आयुर्वेद कम्पनीले महेन्द्रज्योति कम्पनी सञ्चालनका लागि भन्दै हदबन्दी छुटमा जग्गा खरिद गरेको थियो ।

मुनाफा वितरण नगर्ने उद्देश्यले खोलिएको यो कम्म्पनीले पछि शालिग्रामकै मुख्य भूमिका नाफा खाने उद्देश्यले कानुनविपरीत महँगोमा उक्त जग्गा बेचेकोसमेत थियो । सिंह पतञ्जलिका नेपाल प्रमुख हुन् । उनकै मुख्य डिजाइनमा मालपोत कार्यालयदेखि त्यहाँका सरकारी कर्मचारी, गुठी संस्थान, शाखा कार्यालय काभ्रेका कर्मचारी, भूमि सुधार तथा व्यवस्थापन विभागका कर्मचारी, भूमिसुधार तथा व्यवस्था मन्त्रालयका कर्मचारी, मन्त्री, मुख्यसचिवदेखि प्रधानमन्त्रीसम्मलाई मिलाएर यो काम भएको निष्कर्ष अख्तियारको छ ।

हुन पनि भूमिसुधारमन्त्री डम्बरबहादुर श्रेष्ठले नै आफ्नो टिप्पणीमा 'जग्गा बेचबिखन गरी सट्टापट्टा गर्न स्वीकृतिका लागि सम्माननीय प्रधानमन्त्रीबाट प्रस्ताव ल्याउन मौखिकरूपमा निर्देशन दिनुभएको हुँदा सो अनुसार मन्त्रिपरिषद्मा पेस गर्न स्वीकृत' भनी लिखित निर्णय गरेका थिए ।

नेपालले प्रस्ताव पेस गर्न पूर्वसचिव छविराज पन्तलाई दबाब दिएको अनि तत्कालीन महानिर्देशक केशरबहादुर बानियाँलाई कारबाहीको धम्कीसमेत दिएको अख्तियारको आरोप छ । पन्तले आफूमाथि प्रधानमन्त्री, मन्त्री एवं मुख्यसचिवले दबाब दिने गरेको भनी बयान गरेका थिए । यसकै आधारमा अख्तियारले नेपालको भूमिकालाई लक्षित गरेर आरोपपत्रमा भनेको छ, 'पतञ्जलिका समग्र कारबाहीमा थेग्नै नसक्ने राजनीतिक दबाब परेको स्पष्ट देखिन्छ ।'

जबकि, भूमिसम्बन्धी ऐन, २०२१ अनुसार कुनै उत्पादनमूलक उद्योग वा व्यवसाय गर्न सरकारले हदबन्दीमा छुट हुनेगरी जग्गा राख्ने सुविधा दिन्छ । त्यस्तो जग्गा बिक्री गर्न पाइँदैन । सोहीअनुसार भारतको पतञ्जलि योगपीठले काभ्रेमा आयुर्वेद शिक्षालयदेखि अस्पताल र जडीबुटी फार्म सञ्चालन गर्न २०६४ सालमा कम्पनी दर्ता गरेको थियो । हदबन्दीभित्रको जग्गाले नपुग्ने भएपछि सरकारलाई हदबन्दी छुटमा जग्गा राख्ने अनुमति दिन आग्रह गरेको थियो । त्यही आधारमा नेपाल प्रधानमन्त्री छँदा मन्त्रिपरिषद् बैठकले १८ माघ, २०६६ मा पतञ्जलिलाई काभ्रेमा ८१५ रोपनी जग्गा किन्न छुट दिएको थियो । त्यतिबेला पतञ्जलिले करिब ६ सय रोपनी जग्गा किनेको थियो । जग्गा किनेको केही महिनामा नै उसले जग्गा बेच्ने निर्णय गर्‍यो । कानुनतः हदबन्दी छुटको जग्गा बेच्न नमिल्ने र त्यसबारे सर्वोच्च अदालतको नजिर पनि छ । तर, कानुन र नजिरलाई बेवास्ता गर्दै नेपालको मन्त्रिपरिषद्ले बिक्री गर्न अनुमति दिने निर्णय गरेको थियो ।

लामो समय यो विषय गुपचुप थियो । राज्य संयन्त्र चुपचाप थियो । तर, लेखा समितिमा उजुरी परेपछि मात्रै यो विषय सार्वजनिक भएको हो । सुरुमा अख्तियारले जग्गा बिक्रीबारे अध्ययन गरी प्रतिवेदन पेस गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिएको थियो । पतञ्जलि योगपीठ तथा आयुर्वेद कम्पनी प्रालिको जग्गा बिक्री गर्ने निर्णयमा संलग्नहरूलाई कारबाही हुनुपर्ने र जग्गा बिक्रीको अनुमति रद्द हुनुपर्ने माग राखी सर्वोच्च अदालतमासमेत रिट निवेदन दर्ता भएको अवस्था छ ।

त्यतिबेला भूमि व्यवस्था तथा अभिलेख विभागले भक्तपुर मालपोत कार्यालयका प्रमुख मालपोत अधिकृत लोकबहादुर भण्डारीको नेतृत्वमा अध्ययन समिति बनाएको थियो । समितिले अध्ययन गरेर प्रतिवेदन बुझाइसकेको छ । हाल त्यो प्रतिवेदन अख्तियारमै छ ।

समितिले साँगा, नासिका, गणेशस्थान वरपरका करिब ८८ रोपनी जग्गा बेचिएको फेला पारेको थियो । आर्थिक वर्ष २०६५/६६ मा किनिएको कतिपय जग्गा अर्को आर्थिक वर्ष सुरु हुनासाथ बेचेको पनि भेटिएको थियो । पतञ्जलिले केही जग्गा २०६४ सालदेखि किनेर राखेको थियो ।

यही प्रकरणमा पूर्वप्रधानमन्त्री नेपालमाथि भ्रष्टाचार मुद्दा दायर भएको हो । नेपालसँगै तत्कालीन कानुनमन्त्री प्रेमबहादुर सिंह, तत्कालीन मन्त्री डम्बरबहादुर श्रेष्ठ बितिसकेकाले उनका छोरा सन्तोष श्रेष्ठ, तत्कालीन मुख्यसचिव स्वर्गीय माधवप्रसाद घिमिरेको हकमा उनकी श्रीमती कमला घिमिरे, भूमिसुधार सचिव छविराज पन्तलगायतविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर भएको छ । उनीहरूविरुद्ध पनि १८ करोड ५८ लाख ५० हजार रूपैयाँ बिगो मागदाबी गरिएको छ ।

तत्कालीन सहसचिवहरू जितबहादुर थापा र लालमणि जोशी, तत्कालीन कानुन उपसचिव कलानिधि पौडेल, गान्धीप्रसाद सुवेदी, भुपेन्द्रमणि केसी, तत्कालीन महानिर्देशक केशरबहादुर बानियाँ र तत्कालीन उपसचिव राजाराम थापाविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर भएको छ ।

तत्कालीन शाखा अधिकृत सिताराम पोखरेल, तत्कालीन नायब सुब्बा बुद्धिबहादुर कार्की र तत्कालीन मालपोत अधिकृत प्रेमबहादुर देशार, केदारनाथ भट्टराई, खरिदार मोहनराम शर्मा, मालपोत अधिकृत जनार्दन गुरागाईं, वेदप्रसाद अर्याल, शिवहरि शर्मा सुवेदी, नायब सुब्बा विनोद कोइराला लगायतविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर भएको छ ।

### रामदेव, बालकृष्णसहित पाँच भारतीयलाई जोगाइयो

अख्तियारले पतञ्जलिको जग्गा सट्टापट्टा गरेर भ्रष्टाचार गरेको प्रकरणमा चार जना भारतीय जोगीविरुद्ध मुद्दा दायर नगरेर जोगाएको छ । उनीहरू स्वामी रामदेव, आचार्य बालकृष्ण, महन्त राजेन्द्र दास र राजेन्द्र सिंह हुन् ।

नेपालको १० जिल्लामा हदभन्दा बढी जग्गा किन्ने र मन्त्रालयमा निवेदन दिएर जग्गा बेच्ने गिरोहका मुख्य व्यक्तिहरू रामदेव र बालकृष्ण हुन् । तर, दुवैलाई अख्तियारले प्रतिवादी बनाएन । कम्पनी रजिस्ट्रारको कार्यालयको विवरणअनुसार पतञ्जलि योगपीठ तथा आयुर्वेद कम्पनी नेपालका कम्पनीका संरक्षक रामदेव र अध्यक्ष बालकृष्ण हुन् । दास र सिंह सदस्य हुन् । तर, कम्पनीका सदस्य रहेका नेपाली नागरिक शालीग्रामलाई भने मुख्य योजनाकारको रूपमा मुद्दा दायर गरेको छ ।

अख्तियारकै विवरणमा रामदेव र बालकृष्णको नेतृत्वमा रहेको कम्पनीले जडीबुटीको उत्पादन र वितरण गर्नेदेखि लिएर १२ वर्षसम्मका बालबालिकालाई शिक्षा दिने भन्दै कम्पनी दर्ता गराएको थियो । त्यसका लागि देशका विभिन्न ठाउँमा हजारौं बिघा जमिन चाहिने भन्दै उसले हदभन्दा बढी जग्गा खरिद गर्न पाउँ भनेर भूमिसुधार मन्त्रालयमा निवेदन दिएको थियो ।

त्यसकै आधारमा काभ्रेको विभिन्न पालिकासँगै तराई र पहाडका केही जिल्लामा कम्पनीले हदभन्दा बढी जमिन पाएको थियो तर मन्त्रिपरिषद्बाट निर्णय गराएर किनबेच गरेको पाइएको छ ।

अख्तियारको विवरणअनुसार दाङमा ७५ बिघा, लमजुङमा ३०० रोपनी, स्याङ्जामा २५० रोपनी, काभ्रेपलाञ्चोक ८१५ रोपनी, चितवन १५ बिघा, धनुषामा २५ बिघा, काठमाडौं उपत्यकामा १५० रोपनी, बारा र पर्सा ४० बिघा जग्गा कम्पनीले हदबन्दीभन्दा बढी जग्गा लिएको थियो । हाल अख्तियारले अनुसन्धान गरेको काभ्रेको जग्गामा मात्रै हो, जहाँ ठाउँठाउँमा जग्गा बेचेको पाइएको हो । तर, रामदेवदेखि बालकृष्णसम्मका भारतीय जोगीलाई भने अख्तियारले नै भ्रष्टाचार मुद्दामा प्रतिवादी नबनाएर जोगाएको हो ।


## साउदीमा रोजगार

कम्पनी : Company SEYANA LEHCHAGHIL WALKHEDMAT Industrial

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ LT. No. 325175 चलानी नं. ६०२३९१९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 14 | 0 | 1200 | ४३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

International Trade Links Nepal Pvt. Ltd. Govt. License No. 706/064/065

INTERNATIONAL TRADE LINKS NEPAL PVT.LTD.
KMC-4, Dhumbarahi, Kathmandu, Nepal, Tel: +977-1-4970669
E-mail : info@itlnepal.com, nir@itlnepal.com, Web: www.itlnepal.com

## युएइमा रोजगार

कम्पनी : AL QAMAR AL MASSI PLASTER & TILES CONT L.L.C. SP

पूर्व स्वीकृति मिति : २०८१/०१/२५ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२२ LT. No. 323402 चलानी नं.६०२३७४२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asst. Tile Fixer | 3 | 0 | 1200 | ४४,२७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Layer | 3 | 0 | 1200 | ४४,२७५ | | | | | | | |
| 3 | Tile Layer | 17 | 0 | 1200 | ४४,२७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।
रुपन्देही, बुट्वल, रोज पार्टी प्यालेसमा मिति: २०८२ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।
सुनसरी, इटहरी, मुनाल ट्रेनिङ सेन्टरा मिति: २०८२ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।
झापा, बिर्तामोड, ग्रयाण्ड प्यासिफिक होटलमा मिति: २०८२ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 615/063/64

BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)
Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com
Butwal: 9802676987 Jhapa: 9801401300 | 9801427301 | 9801427304, Kathmandu 9851122190 | 9851041811 | 9805865194 | 9805865193 | 9805865192 | 9823301035 | Itahari Contact No: 9816368105/9810591900

## MAURITIUS मा रोजगार

कम्पनी : SEVEN SEVEN CO LTD

पूर्व स्वीकृति मिति : २०८१/04/01 पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२२ LT. No. 307556 चलानी नं. ६०२२२२९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 5 | 0 | 15000 | ४५,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Factory Operator - Fish Processing | 15 | 0 | 15000 | ४५,०७० | | | | | | | |
| 3 | Factory Operator - Meat Processing | 20 | 0 | 15000 | ४५,०७० | | | | | | | |
| 4 | Fish Cutting Operator | 20 | 0 | 15000 | ४५,०७० | | | | | | | |
| 5 | General Technician | 5 | 0 | 15000 | ४५,०७० | | | | | | | |
| 6 | Meat Cutting Operator | 20 | 0 | 15000 | ४५,०७० | | | | | | | |
| 7 | Packing Machine Operator | 30 | 0 | 15000 | ४५,०७० | | | | | | | |
| 8 | Pastry Operator | 60 | 0 | 15000 | ४५,०७० | | | | | | | |
| 9 | Shelf Filler | 25 | 0 | 15000 | ४५,०७० | | | | | | | |

कम्पनी : RHT BUS SERVICES LTD

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ LT. No. 324910 चलानी नं. ६०२३९१७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Automobile Electricians | 5 | 0 | 17405 | ५२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Automobile Mechanics | 10 | 0 | 17405 | ५२,३०० | | | | | | | |
| 3 | Brick Builder | 10 | 0 | 17405 | ५२,३०० | | | | | | | |
| 4 | Bus Drivers | 33 | 0 | 22947 | ५२,३०० | | | | | | | |
| 5 | Electric Arc Welder | 5 | 0 | 17405 | ५२,३०० | | | | | | | |
| 6 | Heavy Vechicle Driver | 15 | 0 | 17405 | ५२,३०० | | | | | | | |
| 7 | Painter | 5 | 0 | 17405 | ५२,३०० | | | | | | | |

कम्पनी : LONDON SUPERMARKET LTD

पूर्व स्वीकृति मिति : २०८१/02/08 पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/२२ LT. No. 304756 चलानी नं. ६०२१९६६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Machine Operators | 27 | 0 | 16500 | ४९,७५५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2 | Pastry Maker | 3 | 0 | 16500 | ४९,७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067


## सूचना सूचना सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०२/२३

सूचना तथा प्रसारण विभागमा दर्ता नम्बर ३३६२-२०७८/२०८९ मिति २०७९/०१/२२ मा दर्ता रहेको तीनलाल मिडिया प्रा.ली.द्वारा संचालित www.tinlalkhabar.com नामक अनलाइन पत्रीका बन्द गर्ने उद्देश्य सहित दर्ता खारेज गरिने हुँदा यस कम्पनी र अनलाइन पत्रीकासँग कुनै श्रमजीवी पत्रकार र कर्मचारीको पारिश्रमिक वा आर्थिक दायित्व भएमा मिति २०८२/०३/०८ (१५) दिन भित्र यस कम्पनीको कार्यालयको ठेगान काठमाडौं महानगरपालिका ३२ ,काठमाडौ , संचालकको मोबाइल नम्बर ९८६३८८६३७२ वा email: kadariyauk7@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै तोकिएको समयमा उजुरी प्राप्त नभए प्रक्रिया अगाडि बढाउने व्यहोरा अनुरोध छ ।

## बुढानीलकण्ठ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
हात्तीगौंडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

## बोलपत्र मूल्यांकन स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८२/०२/२३
नेपाल सम्वत् ११४५

यस कार्यालयद्वारा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम यस कार्यालयको तपशिलको कार्यको मूल्यांकन गर्दा तपसिलका बोलपत्र न्युनतम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि यो सूचना सबैको जानकारीको लागि प्रकाशित गरिन्छ ।

| सि.नं | ठेक्काको नाम, नं. | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक मु.अ.क बाहेक |
|---|---|---|---|
| 1. | Supply, Delivery and Installation of Open and Indoor Gym Equipments at different wards of Budhanilkantha Municipality (NCB/BNP/GW/081_082/12) | Sangam Suppliers, Hetauda Sub Metropolitan City-08, Makwanpur | 37,06,500.00 |

प्रमुख प्रशासकीय अधिकृत

## NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

### नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति : २०८२/०२/२३)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरवारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं ३४१२
फोन नं.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीले यस बैंकवाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण बेबास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको** माध्यमवाट लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी वेचविखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०३/०६

बोलपत्र खोलिने मिति २०८२/०३/०८ दिउँसो ३ बजे

तपसिल

| क.सं. | ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण | धितो सुरक्षणमा रहेको अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|
| १. | **ऋणी : ग्रीनलाइन सेन्टर प्रा.लि.(विविध कर्जा) -केन्द्रिय कार्यालय कर्पोरेट,** ठेगाना : कान्तिपथ, काठमाडौं, प्रा.लि.नं. : ११३८९/०५६/०५७<br>**व्यक्तिगत जमानीकर्ता/संचालक/शेयरधनी :**<br>१. **अमित अग्रवाल -शेयरधनी/संचालक/जमानीकर्ता** (ना.प्र.नं. ४६५०, मिति २०५८/०६/०२ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको) बाबु : ओम प्रकाश अग्रवाल, बाजे : सन्तलाल अग्रवाल<br>२. **अभिषेक अग्रवाल -शेयरधनी/संचालक/जमानीकर्ता** (ना.प्र.नं. ४६४९, मिति २०५८/०६/०२ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको) बाबु : ओम प्रकाश अग्रवाल, बाजे : सन्तलाल अग्रवाल<br>३. **ओम प्रकाश अग्रवाल -जमानीकर्ता** (ना.प्र.नं. ००३९८/४५४६, मिति २०३२/१२/०८ र प्रथम प्रतिलिपी ना.प्र.नं. २७२२/२०६२ सि नं ३ (अंगिकृत)/२१९९३ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको), बाबु : सन्तलाल अग्रबाल, बाजे : उदमीलाल अग्रवाल | १. आरती घिराईया अग्रवालको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, दहचोक गा.बि.स./न.पा. वडा नं. ०६(ख) स्थित कि.नं. ३७१ (१-१५-०-० रोपनी) र कि.नं. ३४६ (१-०-०-० रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय कलंकी |
| २. | **ऋणी : माता चुनदेवी कन्स्ट्रक्सन प्रा.लि. (विविध कर्जा) -शाखा कार्यालय : नयाँ बानेश्वर,** दर्ता नं. १६५४७५/०७३/०७४, ठेगाना : ललितपुर २८, ललितपुर<br>**व्यक्तिगत जमानीकर्ता/शेयरधनी :**<br>१. **किरण प्रसाद अधिकारी -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ५३२/२०७३७, मिति २०५८/०६/०७ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको) बाबु : केशव प्रसाद अधिकारी, बाजे : विष्णु प्रसाद अधिकारी<br>२. **किशोर अधिकारी -जमानीकर्ता** (ना.प्र.नं. ३३५०५, मिति २०६०/०८/०२ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको), बाबु : केशब प्रसाद अधिकारी, बाजे : विष्णु प्रसाद अधिकारी<br>३. **केशव प्रसाद अधिकारी -जमानीकर्ता** (ना.प्र.न. ११३/४१४२, मिति २०४४/१०/०१ मा जि.प्र.का. सिन्धुलीवाट जारी भएको), वावु : विष्णु प्रसाद अधिकारी, वाजे : खडानन्द अधिकारी<br>४. **देवकी कुमारी अधिकारी -जमानीकर्ता** (ना.प्र.नं. ६३६/६६१९, मिति २०४४/१०/२२ मा जि.प्र.का. सिन्धुलीवाट जारी भएको), पति: केशव प्रसाद अधिकारी, ससुरा: विष्णु प्रसाद अधिकारी<br>५. **संचिता लुईटेल -जमानीकर्ता** (ना.प्र.नं. २१८७/२२१२३, मिति २०६३/०८/२० मा जि.प्र.का. बाराबाट जारी भएको), पति: किरण प्रसाद अधिकारी, ससुरा: केशव प्रसाद अधिकारी | १. केशव प्रसाद अधिकारीको नाममा सिन्धुली जिल्ला मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, सिद्धेश्वर गा.बि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. २८८ (०-०-१२-३ बिगाहा), कि.नं. ९६१ (०-५-०-१ विगाहा), कि.नं. २९२ (०-५-०-० विगाहा), कि.नं. २९३ (०-३-१६-१ विगाहा) र कि.नं. १६६ (०-०-२-० विगाहा ) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय सिन्धुली<br>२. सचिता लुईटेलको नाममा बारा जिल्ला मालपोत कार्यालय सिमारा, बारामा दर्ता कायम रहेको बारा जिल्ला, निजगढ गा.बि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. ४१९ (०-३-२-० विगाहा) र कि.नं. १५०५ (०-१-५-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय सिमारा |
| ३. | **ऋणी : सिता गिरी (व्यक्तिगत कर्जा) -शाखा कार्यालय सुर्खेत,** (ना.प्र.नं. ३३९७०/२३२७, मिति २०५५/०९/०७ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको) पति : गणेश गिरी, ससुरा : कविराम गिरी, ठेगाना : वीरेन्द्रनगर न.पा. ०४, सुर्खेत<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>१. **गणेश गिरी -जमानीकर्ता** (ना.प्र.नं. २२१४३, मिति २०५१/०९/१८ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको), बाबु : कविराम गिरी, बाजे : शिव गिरी<br>२. **रोशन गिरी -जमानीकर्ता** (ना.प्र.नं. ६४-०१-७३-०३४८२, मिति २०७३/०७/०१ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको), बाबु : गणेश गिरी, बाजे : कविराम गिरी<br>३. **गोमा देवी गिरी -जमानीकर्ता** (ना.प्र.नं. ६४७३१, मिति २०४४/११/०१ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको), पति : कविराम गिरी, ससुरा : शिव गिरी | गणेश गिरीको नाममा सुर्खेत जिल्ला मालपोत कार्यालय सुर्खेतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, गोठीकाँडा गा.वि.स./न.पा. वडा नं. ०६ (क) स्थित कि.नं. ९८५ (०-६-०-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय विरेन्द्रनगर |
| ४. | **ऋणी : सगरमाथा प्रिन्टर्स एण्ड सप्लायर्स (विविध कर्जा) -शाखा कार्यालय : विराटनगर,** प्रा.फ.र.नं. २९२४३/०७३/७४, ठेगाना : विराटनगर १२, मोरङ<br>**व्यक्तिगत जमानीकर्ता/प्रोपाईटर :**<br>१. **लकेश्वर मण्डल गनगाई -प्रोपाईटर/जमानीकर्ता** (ना.प्र.नं. २२८०, मिति २०३३/०९/२४ मा जि.प्र.का. मोरङवाट जारी भएको), बाबु : चिन्तु मण्डल, बाजे : खेदो मण्डल<br>२. **प्रमोद कुमार मण्डल -जमानीकर्ता** (ना.प्र.नं. ७६७४८, मिति २०६०/०५/०९ मा जि.प्र.का. मोरङबाट जारी भएको), बाबु : लकेश्वर मण्डल गनगाई , बाजे : चिन्तु मण्डल<br>३. **रिको कुमारी मण्डल -जमानीकर्ता** (ना.प्र.नं. ७६७४८, मिति २०६०/०५/०९ मा जि.प्र.का. मोरङवाट जारी भएको), पति: प्रमोद कुमार मण्डल, ससुरा: लकेश्वर मण्डल गनगाई | लकेश्वर मण्डल गनगाईको नाममा मोरङ जिल्ला मालपोत कार्यालय वेलवारी, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, मिर्गौलिया गा.बि.स./न.पा. वडा नं. ०८ (ग) स्थित कि.नं. २५८ (०-२-४-० विगाहा) र कि.नं. ४९९ (०-१-०-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय विराटनगर/नजिको शाखा कार्यालय |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

## Government of Nepal (GoN)
# Likhu Tamakoshi Rural Municipality
### Dhobi Bazar, Ramechhap.

## Notice for Price Bid Opening

**Date of publication: 06-06-2025 10:00 A.M.**

This is to notify that to all concerned that the Technical Bids of the following Bidders who offered their Bid for IFB No: LTRM/NCB/WORKS/20/2081/082 "Dhobi Bajar Dekhi 15 Bed Hospital Samma Sadak Kalopatrey" are found to be substantially responsive who met the requirements of the Bidding Document and have been determined as being qualified for the opening of the Price Bids. Our Likhu Tamakoshi Rural Municipality invites at the substantially responsive Bidder's representative who choose to attend at the event "Price Bid Opening" at following the address, date and time given below:

| S. N | Bidder's Name and Address | Price Bid Opening address, Date and Time |
|---|---|---|
| 1 | Prajil Construction Pvt. Ltd, Lalitpur, Nepal | Likhu Tamakoshi Rural Municipality Office, Dhobi Bajar, Ramechhap Date: 2025/06/13, Time: 14:00 |

**Chief Administrative Officer**
**Likhu Tamakoshi Rural Municipality**

# प्रकृतिमा परेको प्रभावलाई विभिन्न माध्यमबाट चित्रित गर्दै कला प्रदर्शनी



**काठमाडौं–** विश्व वातावरण दिवसको अवसरमा तारागाउँ सांस्कृतिक केन्द्रमा प्रकृतिमा परेको प्रभावलाई विभिन्न माध्यमबाट चित्रित गर्दै 'एट द टिपिङ प्वाइन्टः आर्ट एण्ड इकोलोजी फ्रम द रूफटप अफ द वर्ल्ड' शीर्षकमा कला प्रदर्शनी सुरु भएको छ ।

वातावरणीय चेतना र समकालीन कलाको प्रभावकारी संयोजनका लागि काम गर्दै आएको सगरमाथा नेक्स्टले सर्राफ फाउण्डेसनको सहकार्यमा आयोजना गरेको प्रदर्शनी भारतीय कला इतिहासकार डा. अर्शिया लोखाण्डवालाले संयोजन गरेका हुन् । लोखाण्डवालाले विश्वव्यापी पारिस्थितिको आवश्यकतालाई मध्यनजर गर्दै प्रदर्शनी आयोजना गरिएको जानकारी दिए । उनका अनुसार प्रदर्शनीमा प्रकृतिमा परेको प्रभावलाई विभिन्न माध्यमबाट चित्रित गरिएको छ ।

प्रदर्शनीमा कलाकार सलिल सुवेदीको टोलीले 'अर्थ इमर्जेन्स' शीर्षकमा प्रस्तुति दिए । शरीरमा रातो माटो पोतेर भूमिसँग साक्षातकार गरिएको प्रदर्शनीले मानव र माटोको सम्बन्धलाई उजागर गरेको थियो । प्रदर्शनीको अवधारणा प्रसिद्ध उत्तर-उपनिवेशवादी चिन्तक गायत्री चक्रवर्ती स्पिवाकको 'प्लानेटरिटी' विचारमा आधारित छ ।

विश्वमा भइरहेको तापक्रम वृद्धिको सामना गरिरहेको यथार्थमाथि केन्द्रित प्रदर्शनीले जलवायु परिवर्तन, सांस्कृतिक चेतना, स्वदेशी ज्ञान र वैज्ञानिक दृष्टिकोणलाई समेट्दै समकालीन कलाको माध्यमबाट पृथ्वीप्रतिको सम्बन्ध पुनः परिभाषित गराएको आयोजकको भनाइ छ । प्रदर्शनीमा १२ जना अन्तर्राष्ट्रिय तथा नेपाली कलाकारले आफ्ना विशिष्ट सिर्जनामार्फत वातावरणीय संकटमाथि विविध दृष्टिकोण प्रस्तुत गरेका छन् । स्वालबार्डको हिम क्षेत्रमा खिचिएको हिमाली सिंह सोइनको कवितामूलक भिडियोले उपनिवेशवाद, जलवायु परिवर्तन र असफल उत्खननमाथि प्रश्न उठाएको छ ।

उर्सुला बिमान्नले कोलम्बियाको इन्गा समुदायसँगको सहकार्यमा बनाएको 'फरेस्ट माइण्ड' भिडियो निबन्धले जंगललाई चेतनशील ज्ञानको स्रोतका रूपमा प्रस्तुत गरेको छ । उत्सा हजारिकाको 'यन्त्र-ब्लुम' जीवित मूर्तिकलाले दिल्लीको सम्राट यन्त्र स्याण्डायललाई चमेलीका फूलमार्फत नयाँ जीवन दिने प्रयास गरेको छ । मक्सुद अली मण्डलको 'फंगल हयाबिटचाट'ले च्याउ, माटो र काठको संयोजनमा बन्ने आत्मविकासशील मूर्तिकला प्रस्तुत गरेको छ ।

त्यस्तै, समयुक्ता भण्डारीको 'एकोज अफ सर्भाइवल'ले सहरीकरणबीच हराउँदै गएका भँगेराको आवाजलाई प्रविधि र ध्वनिमार्फत प्रतिविम्वित गरेको छ । अमित माछामासीले भक्तपुरको हराउँदै गएको कृषियोग्य भू-परिवर्तनलाई तीनवटा फोटोग्राफिक शृंखलामार्फत प्रस्तुत गरेका छन् ।

मोनिका उर्सिना जेगरको 'लिक्विड टाइम'ले पहाडको ढुंगाबाट बालुवा हुँदै कंक्रिट निर्माणसम्मको चक्रलाई आलोचनात्मक रूपमा प्रस्तुत गरेको छ । जोआना मोलको '४००४'ले माइक्रोचिप निर्माण प्रक्रियालाई कीराको जनसंख्यामा आएको गिरावटसँग जोडेर डिजिटल रूपमा देखाइएको छ । समुद्री प्लास्टिक प्रदूषणका कारण मरेका अल्बाट्रस चराको बच्चाहरूको तस्बिर र चलचित्रलाई क्रिस जोर्डनले उत्कृष्ट रूपमा प्रस्तुत गरेका छन् । सौर्गंगा दर्शनधारीले नेवार समुदायको योमरी चाडसँग सम्बन्धित मूर्तिकलालाई खाद्य संस्कृति र पारिस्थितिक सन्तुलनसँग जोडेर प्रस्तुत गरेका छन् ।

साथै, रोबर्टिना शेबजानिकले द एटलान्टिक टेल्स एण्ड को सोनिकमार्फत साउण्ड इन्स्टलेसन गर्दै वातावरणीय ह्रासको अदृश्य पक्ष प्रस्तुत गरेका छन् । प्रदर्शनीले आर्कटिकदेखि एण्डिजसम्म, नेपालको खेतबारीदेखि डिजिटल क्लाउडसम्म फैलिएको संसारलाई एउटै कलात्मक फ्रेममा बाँधेको छ । प्रदर्शनी तीन महिनासम्म चल्ने छ । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### बदलाको भावनाबाट...

बैठकपछि प्रवक्ता प्रकाश ज्वालाले अध्यक्ष नेपालमाथि लागेको आरोपको कानुनी र राजनीतिक प्रतिवाद गर्ने पनि बताए । उनले अदालतबाट 'क्लिनचिट' लिएर यो पूर्वाग्रही कदम हो भन्ने सन्देश दिइने तर्क गरे ।

'वर्तमान सरकारको राजनीतिक बदलाको भावनाबाट प्रेरित रही हाम्रो पार्टीकाविरुद्ध विगतदेखि नै षडयन्त्र गर्दै आएको कुरा विभिन्न बेलामा देखिएको र तिनलाई हामीले सार्वजनिक गर्दै आएका थियौं,' एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले बिहीबार साँझ जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यो हाम्रो विरुद्ध अर्को षडयन्त्रको घटना हो भन्ने हाम्रो ठहर छ । त्यस्तो कुनै पनि षडयन्त्रको प्रतिवाद गरिने छ ।'

विज्ञप्तिमा अध्यक्ष नेपालले आफ्नो प्रारम्भिक धारणा सार्वजनिक गरिसकेको र त्यसरी नै कानुनी प्रक्रियाको सामना गर्ने दृढता व्यक्त गरेको उल्लेख गरिएको छ । साथै, अख्तियारले दर्ता गरेको मुद्दाको बारेमा कुनै पनि कुप्रचार र भ्रममा नपर्न उक्त पार्टीले अनुरोध गरेको छ । यता, प्रधानमन्त्री ओलीको दल एमालेले भने प्रधानमन्त्रीलाई जोडेर नेपालमाथिको मुद्दालाई लिएर प्रतिशोध नभन्न चेतावनी दिएको छ ।

■■■

### 'ठूला माछा'...

पूर्वप्रधानमन्त्री झलनाथ खनालविरुद्ध सर्प पालनका लागि ७२ करोड रूपैयाँ रकम लिएको आरोप छ । यता नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेको आरोप लाग्दै आएको छ ।

हरेक काण्डमा मन्त्रीदेखि कर्मचारी पक्राउ पर्दा निर्णय गरेको समयका प्रधानमन्त्रीहरू भने छुट्दै आएका थिए । केही कानुनविद्हरू भने मन्त्रिपरिषद्का सबै निर्णय नीतिगत नहुने बताउँछन् । त्यसैले पतञ्जलिको जग्गा प्रकरण र अरु निर्णयलाई एकैसाथ दाँजेर हेर्न नमिल्ने बताउँछन् । 'माधव नेपाललाई मुद्दा प्रकरण अरुका लागि नजिर नबन्न सक्छ । किनभने मन्त्रिपरिषद्ले गर्ने हरेक निर्णय नीतिगत हुन सक्दैन,' एक कानुनविद्ले भने ।

मन्त्रिपरिषद्ले गर्ने काममध्ये दुईवटा मूलतः निर्णयगत तहमा एउटा नीतिगत निर्णय हुन्छ । अर्को नीतिगतबाहेकका निर्णय हुन्छन् । नीतिगतबाहेकका अन्य निर्णय घटनासँग जोडिएका हुन्छन् । नीतिगत भनेकोचाहिँ कानुनको वा राज्यको संरचनाहरूमा फुकुवा गर्नेगरी गर्ने हो,' ती कानुनविद्ले भने, 'जस्तो ४ बजेसम्म कार्यालय लगिरहेको समयमा अब ६ बजेसम्म लगाउने भन्नेचाहिँ नीतिगत निर्णय हो । यस्तोमा चाहिँ अख्तियारको क्षेत्राधिकार पर्दैन । यस्तो नीतिगतबाहेकको हकमा अख्तियारले यदि त्यस्तो निर्णयहरू गैरकानुनी, बदनियतपूर्वक वा कैफियतजन्य देख्छ भने उसको क्षेत्राधिकार पुग्छ । र, मुद्दा चलाउन मिल्छ ।'

#### अख्तियारले चाहे प्रधानमन्त्री हटाउन सक्ने

संविधानतः प्रधानमन्त्री जननिर्वाचित सबैभन्दा शक्तिशाली पद हो । प्रधानमन्त्रीलाई महाभियोगसमेत लाग्दैन । संसद्बाट निर्वाचित हुने र संसद्ले नै हटाउनसक्ने प्रधानमन्त्रीलाई अख्तियारले भने हटाउन सकिने देखिएको छ ।

संविधानको धारा ७७ को 'ग' मा निज अर्थात् प्रधानमन्त्री प्रतिनिधिसभाको सदस्य नरहेमा पदमुक्त हुन सकिने व्यवस्था गरिएको छ । प्रतिनिधिसभाका सदस्य नै प्रधानमन्त्री हुने संवैधानिक व्यवस्था रहेको छ । जसअनुसार अख्तियारले भ्रष्टाचारको मुद्दा लगाइदिएमा प्रतिनिधिसभाको सदस्य पद स्वतः निलम्बनमा पर्छ । त्यसपछि प्रधानमन्त्री पदसमेत स्वतः जाने देखिन्छ ।

बहुमत पुऱ्याएर विश्वासको मत लिएपछि मात्र प्रधानमन्त्री बन्नुपर्ने पदलाई अख्तियारको एक मुद्दामा पदमुक्त हुने देखिएसँगै यस विषयमा ऐन संशोधनको तयारीसमेत भइरहेको छ । मन्त्रिपरिषद्ले गरेका निर्णयमा अख्तियारलाई छानबिन गर्न दिने वा नदिनेबारे अख्तियार ऐन संशोधन विधेयक प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा अड्किएको छ ।

■■■

### विश्वव्यापी...

पछिल्लो दशकयता औपचारिक र अनौपचारिक क्षेत्र समान गतिमा अघि बढेको आइएलओको भनाइ छ । सन् २०१४ को तुलनामा सन् २०२४ मा औपचारिक क्षेत्रमा १२.६ प्रतिशतले रोजगारी वृद्धि हुँदा यसै अवधिमा अनौपचारिक क्षेत्रको रोजगारी पनि १३.७ प्रतिशतले वृद्धि भएको छ ।

आइएलओका अनुसार रोजगारी सिर्जनाभन्दा पनि उत्पादकत्वमा केन्द्रित हुँदा पछिल्लो दशकमा एसिया प्रशान्त क्षेत्रको जिडिपी सबैभन्दा बलियो देखिँदा खाडी मुलुकहरू सुस्त देखिएका छन् । खाडी मुलुकहरू रोजगारीतर्फ केन्द्रित हुँदा उत्पादकत्व वृद्धिमा बाधा पुगेको देखिएको छ । खाडीजस्तै अफ्रिकाले पनि रोजगारीलाई जोड दिएको देखिएको छ ।

त्यसैगरी, भारी कर र व्यापार युद्धका कारण संयुक्त राज्य अमेरिकातर्फको आपूर्ति र उपभोगमा निर्भर ७१ वटा मुलुकका करिब आठ करोड ४० लाख कामदारको काममा अवरोध पुग्ने अनुमान गरिएको छ । उक्त अध्ययनले कृत्रिम बौद्धिकता (एआइले) दीर्घकालीनरूपमा श्रमबजारलाई प्रभावित पार्ने उल्लेख गरेको छ । ती प्रभावहरू कस्ता हुन्छन् भनेर अनुमान गर्न कठिन रहेको जनाइएको छ । २०२५ मा हरेक चार जनामध्ये एक जनाको काम एआईद्वारा स्वचालिन हुनसक्ने अनुमान उक्त अध्ययनको छ । १६.३ प्रतिशत श्रमिक एआईको मध्यम जोखिममा छन् । उच्च दक्ष श्रमिकका रूपमा काम गरिरहेका ७.५ प्रतिशत श्रमिकलाई एआई विस्थापित गर्नसक्ने उच्च जोखिममा रहेको प्रतिवेदनमा उल्लेख छ ।

■■■

### युएई जाने...

सरकारले बजारको अवस्था हरेर तलब निर्धारण गरेको उनको भनाइ छ । अब दूतावासले यो भन्दा कम तलबका मागपत्र प्रमाणीकरण गर्न पाउने छैन । तोकिएको नयाँ तलब नदिने रोजगारदाताले पनि नेपाली श्रमिक लैजान नपाउने भएका छन् ।


मन्त्री भण्डारीले नेपाली श्रमिकको हकहितमा हुने कुनै पनि काम गर्न नेपाल सरकार पछि नहट्ने बताउँदै नेपाली श्रमिकको सम्पूर्ण अधिकार सुनिश्चित गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तत्पर रहेको बताए । 'विदेशी भूमिमा श्रम गर्न गएका नेपाली श्रमिकको हित हुने काम गर्नु हाम्रो पहिलो सर्त हो,' उनले भने, 'हामी श्रमिकको तलब, स्वास्थ्योपचार र सामाजिक सुरक्षाको पूर्ण प्रत्याभूति गराउन गम्भीरतापूर्वक लागि परेका छौं ।'



**विश्व वातावरण दिवस** | विश्व वातावरण दिवसका अवसरमा बिहीबार नागरिक सचेतना समाज नेपालले काठमाडौंको तारकेश्वर नगरपालिका–१० स्थित मनमैजु पुलदेखि लोकतान्त्रिक चोकसम्म आयोजना गरेको प्रभातफेरी सचेतना कार्यक्रममा सहभागी विद्यार्थीहरू । *तस्बिरः हरिराम भेटुवाल/रासस*

# विपक्षीको विरोधपछि बिहीबार पनि चलेन प्रतिनिधिसभा

**काठमाडौं (प्रस)–** केही दिनदेखि सूचना टाँस गरेर स्थगित हुँदै आएको प्रतिनिधिसभा बैठक बिहीबार अपराह्न १० मिनेट बसेर फेरि आजसम्मका लागि स्थगन भएको छ । निर्धारित समयभन्दा झण्डै साढे चार घण्टा ढिलागरी बसेको बैठक प्रारम्भ हुने बित्तिकै प्रतिपक्षी सांसदहरूले उठेर विरोध जनाए ।



सभामुख देवराज घिमिरेले आसनमा बसेर दलीय आधारमा बोल्नका लागि सहयोग गर्न आग्रह गरे । प्रतिपक्षी दलले भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको संलग्नताको आधार देखिएको दाबी गर्दै उनको राजीनामा नआएसम्म बैठक अघि बढ्न नसक्ने बताउँदै आएका छन् ।

सभामुख घिमिरेले पटक-पटक आसनग्रहण गरेर सदन सञ्चालनको वातावरण बनाउन आग्रह गरेका थिए । चालु अधिवेशनबाट अत्यावश्यक कानुन बनाउनुपर्ने आवश्यकता रहेकातर्फ ध्यानाकर्षण गराउँदै उनले सदन सञ्चालनमा सहयोग गर्न अनुरोध गरे । गृहमन्त्रीले समसामयिक विषयमा उठेका प्रश्नको जवाफ दिन समय मागेको जानकारी दिँदै सभामुखले बजेटमाथिको छलफल प्रभावित भइरहेकाले त्यसतर्फ गम्भीर हुन आग्रह गरे ।

बैठकमा सभामुख घिमिरे बिहीबारको निर्धारित सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको जानकारी गराए । प्रतिपक्षी र सत्तापक्ष सांसदबीच केहीबेर आरोप प्रत्यारोप चलेको थियो । विपक्षी सांसदको विरोध जारी रहेपछि प्रतिनिधिसभाको अर्को बैठक आज (शुक्रबार) अपराह्न १ बजे बस्नेगरी स्थगित भएको हो ।

# नेपाल कोइला बहिर्गमन कार्यक्रम घोषणा

**ललितपुर (प्रस)–** साथसाथै फाउण्डेसन र काठमाडौं विश्वविद्यालयको संयुक्त पहलमा नेपाल कोइला बहिर्गमन कार्यक्रम घोषणा भएको छ । विश्व वातावरण दिवस २०२५ का अवसरमा सन् २०४५ सम्म कोइलामुक्त नेपालको भविष्य निर्माण गर्ने उद्देश्यका साथ कोइलाको प्रतिक्रियाशील प्रयोग र न्यायोचित संक्रमणको औपचारिक शुभारम्भ घोषणा गरिएको काठमाडौं विश्वविद्यालयका सहायक प्राध्यापक तथा 'ग्रिन हाइड्रो ल्याब'का प्रमुख डा. विराजसिंह थापाले जानकारी गराए ।

डा. थापाले जलवायु परिवर्तनबाट सिर्जित समस्या समाधानका लागि विश्वविद्यालय र साथसाथै फाउण्डेसन मिलेर संयुक्तरूपमा काम गर्ने प्रयास गरेको बताए । 'मानिसले सिर्जना गरेको विकासले उचाइ हासिल गर्दा जलवायु परिवर्तनले गर्दा मानव सभ्यतामा पारेको नकारात्मक असर कम गर्न एकजुट भएर काम गर्नु आवश्यक रहेको देखियो, समृद्धि हासिल गर्न हामीलाई नवीकरणीय ऊर्जाको प्रयोग महत्त्वपूर्ण छ, जीवाश्म इन्धनको प्रयोगलाई निरुत्साहित गर्दै अगाडि बढ्न हामीसँग जलविद्युत्को पर्याप्त सम्भावना छ,' उनले भने ।

घोषणा कार्यक्रममा मधेसी आयोगकी सदस्य रेणुदेवी साहले कोइलाको विकल्प तयार गर्न नवीकरणीय ऊर्जातर्फउन्मुख हुनुपर्नेमा जोड दिइन् । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सुशीलचन्द्र आचार्यले कार्बन उत्सर्जनमा नेपालको न्यून हिस्सा भए पनि जलवायु परिवर्तनका कारण विश्वव्यापीरूपमा परेको असरले नेपालले ठूलो क्षति भोग्नुपरेको धारणा राखे । उनले नेपालका हिमाल कालापत्थरमा परिणत भएका अवस्थामा यसलाई सम्बोधन गर्न ऊर्जा विकास मार्गचित्रलाई पछ्याउँदै लामो समयसम्म प्रभावकारी हुने रणनीति बनाएर अगाडि बढ्नुपर्नेमा जोड दिए ।

सिँचाइ विभागमा महानिर्देशक मित्र बरालले कोइला उपयोग न्यूनीकरण गर्न सकिन्छ तर पूर्णरूपमा तत्कालै नियन्त्रण र निषेध गर्न सकिँदैन भन्दै यसका लागि हाइड्रोपावर क्षेत्रलाई प्रभावकारी उपयोग गर्नेगरी लाग्नुर्ने बताए । उनले नेपालबाट कोइला उपयोगलाई बहिर्गमन गराउन ऊर्जा तथा सिँचाइका क्षेत्रमा लाभ हासिल गर्नेगरी लाग्न आवश्यक भएको बताए ।

नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्माले यसका लागि सचेतना आवश्यक छ भन्दै तल्लो तहका नागरिकसम्म सचेतना आवश्यक रहेको बताइन् । साथसाथै फाउण्डेसनकी अध्यक्ष प्रजिता कार्कीले नेपाल कोइला बहिर्गमन कार्यक्रमले समावेशी, वैज्ञानिक आधारमा निर्मित र रणनीतिक मार्गचित्रमार्फत कोइलामा आधारित निर्भरता अन्त्य गर्ने दीर्घकालीन लक्ष्य राखेको बताइन् ।


**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०२/२३**

यस सितापाईला सामुदायिक वन उपभोक्ता समूह भिमफेदी ०४ मकवानपुरले आ.व. २०८१।०८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रूखहरू वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बित्र्ी गरी, जि.व.पै.आ. समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको खोटे सल्ला गोलिया थान १२९ को १००३.६१ क्यू.फि. काठ बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री सितापाईला सामुदायिक वन उपभोक्ता समूह भिमफेदी 0४ मकवानपुर**

**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०२/२३**

यस ओखे सामुदायिक वन उपभोक्ता समूह भिमफेदी ०९ मकवानपुरले आ.व. २०८१।०८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रूखहरूबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको खोटे सल्ला गोलिया थान १०५ को ८९९.१३ क्यू.फि. काठ बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री ओखे सामुदायिक वन उपभोक्ता समूह भिमफेदी 0९ मकवानपुर**

**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०२/२३**

यस म्हेन्दोलिङ. सामुदायिक वन उपभोक्ता समूह राक्सिराङ., ०१ मकवानपुरले आ.व. २०८१।०८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रूखहरू वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको साल समेतको गोलिया थान २४३ को २०९६.३१ क्यू.फि. काठ, दाउरा २ चट्टा र जिल्ला वन पैदावार आपुर्ति समितीलाई छुटयाएको काठ आपुर्ति समितीले उठाउन नसकिएको कारण वन नियमावली २०७९ को नियम २२ को (५) वमोजिम उपभोक्ता समूहले उक्त साल प्रजातीको गोलिया थान ९४ को ६१५.७५ क्यू.फि.काठ समेत गरी बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री म्हेन्दोलिङ. सामुदायिक वन उपभोक्ता समूह राक्सिराङ., 0१ मकवानपुर**

**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०२/२३**

यस सिद्धार्थ हरियाली सामुदायिक वन उपभोक्ता समूह राक्सिराङ. ०३ मकवानपुरले आ.व. २०८१।०८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रूखहरू वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको साल समेतको गोलिया थान १७९ को १६९६.२१ क्यू.फि. काठ, दाउरा ५ चट्टा र जिल्ला वन पैदावार आपुर्ति समितीलाई छुटयाएको काठ आपुर्ति समितीले उठाउन नसकिएको कारण वन नियमावली २०७९ को नियम २२ को (५) वमोजिम उपभोक्ता समूहले उक्त साल प्रजातीको गोलिया थान ४७ को ५०९.४२ क्यू.फि.काठ समेत गरी बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री सिद्धार्थ हरियाली सामुदायिक वन उपभोक्ता समूह राक्सिराङ. 0३ मकवानपुर**

**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०२/२३**

यस सिस्नेरीपाखा सामुदायिक वन उपभोक्ता समूह मनहरी, ६ मकवानपुरले आ.व. २०८१।८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रूखहरूबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ. समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको साल समेतको गोलिया थान ४८१ को ३५८४.५६ क्यू.फि. काठ र दाउरा ५.७५ चट्टा र जिल्ला वन पैदावार आपुर्ति समितीलाई छुटयाएको काठ आपुर्ति समितीले उठाउन नसकिएको कारण वन नियमावली २०७९ को नियम २२ को (५) वमोजिम उपभोक्ता समूहले उक्त साल प्रजातीको गोलिया थान २१४ को १६१८.८५ क्यू.फि.काठ समेत गरी बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री सिस्नेरीपाखा सामुदायिक वन उपभोक्ता समूह मनहरी ६ मकवानपुर**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# वातावरण संरक्षण अभियान, एक दिन हैन हरेक दिन

**हरेक जुन ५ मा विश्वभर वातावरण दिवस मनाइन्छ । नेपालमा पनि वृक्षरोपण तथा विविध कार्यक्रम गरी वातावरण दिवस मनाइयो । हिजोआज वातावरण अभियन्ता र विद्यालयहरूले प्रायः वातावरण दिवसमा वृक्षरोपण गर्ने र सडकमा चर्का नारा लगाउने गर्छन् । उनीहरूको एकै स्वर 'वन जोगाऔं, प्लास्टिक प्रयोग नगरौं' भन्ने सुनिन्छ ।**

**के वातावरण यतिले जोगिन्छ ? एक दिने अभियानले वातावरणमा उलटफेर आउँछ त ? यो विषय अब गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ । अहिले अभियन्ताहरू वातावरणका मुख्य शत्रु प्लास्टिक मान्छन् । हरेक सभा गोष्ठीमा वातावरणविद्हरू प्लास्टिकको प्रयोग कम गर्न अर्ती दिन्छन् । आफैं भने प्लास्टिकजन्य सामानको प्रयोग गर्न पछि पर्दैनन् । यसै विषयलाई कार्यक्रमहरूमा गसिपसमेत बनाइन्छ ।**

**वातावरण विनासमा प्लास्टिकको प्रयोगमात्र मुख्य विषय हैन । आधुनिक कारखाना, सवारीसाधनदेखि विकासका पछिल्ला प्रयोगहरूले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष असर गरिरहेको छ । कारखानाबाट निस्कने धुवाँबाट वायु प्रदूषण भइरहेको छ भने आवाजबाट ध्वनि प्रदूषण । यसैगरी सवारीसाधनको प्रयोगबाट वायुदेखि ध्वनिमात्र हैन, वन्यजन्तुलाई प्रत्यक्ष असर पुऱ्याइरहेको छ । यसैगरी विद्युतीकरण तथा सञ्चारका उपकरणका कारण वातावरणलाई सन्तुलनमा राख्ने कीराहरूको विनास सुरू भएको छ ।**

**आधुनिक विकासले वातावरणलाई सन्तुलनमा राख्ने, चक्रिय प्रणालीमा चल्ने जीवहरूको दैनिकी खल्बलिएको छ, जसरी प्लास्टिकजन्य पदार्थले माटोको शक्तिमा क्षय गरेझैं । वातावरणमा असर गरेकै कारण हिजोआज जलवायु परिवर्तन असर देखिन थालेको छ । तराईको लामखुट्टे हिमाल पुगेको छ । मधेसको सर्प हिमाल पुगेको छ ।**

**जैविक विविधताले भरिएको नेपालका लागि मानिसहरूको बसाइँसराइ पनि अहिले समस्याको रूपमा देखापर्दै छ । हिजो मानिसहरू चारतिर छरिएर बस्थे । अहिले सहरीकरण र विकासका कारण सहरमा थुप्रिएका छन् । यसले गर्दा चक्रिय प्रणालीमा असर सुरू भएको छ । गाउँ हरियो हुने र सहर सुक्खा हुने अवस्था आइसकेको छ ।**

**सहरीकरणको क्रममा चुरेदेखि नदीका किनारा दोहन बाँकी राखेका छैनौ । यसले गर्दा अतिवृष्टि, बाढीपहिरो निम्तिँदा गाउँबस्ती नै उजाड भएका घटना मेलम्ची, रोशी, पनौतीदेखि ललितपुरको टीकाभैरव हेरे पुग्छ । त्यसैले अभियन्तामात्र हैन सरकारदेखि जनता नै यो अभियानमा लाग्नुपर्छ, ताकि एक दिन हैन, हरेक दिन वातावरण संरक्षणका लागि बानी बसोस् ।**

# पर्यटन, संस्कृति र शान्तिको सन्देश



■ दिलीपप्रकाश कार्की

पछिल्लो तीन महिनामा बोर्डले स्वदेश तथा विदेशमा पाँच दर्जनभन्दा बढी पर्यटन प्रवर्द्धनका कार्यक्रम गरिसकेको छ । नेपाल सरकारको पहलमा भएको सगरमाथा संवादको व्यवस्थापन गर्ने र पर्यटनमा जलवायु परिवर्तनले पारेको असरबारे बोर्डले छलफल गराएको छ । सगरमाथा संवाद केवल सम्मेलनमा मात्र सीमित बनेन, जलवायु न्याय, सामाजिक समावेशीता र पर्यटनबारे पुनर्विचार गर्ने बहसको फोरम पनि बनेको छ । जलवायु परिवर्तनले पर्यटकीय क्षेत्रमाथि पारेको प्रत्यक्ष असरबारे बहस भएको छ ।

सगरमाथाको चुचुरोसँगै उठेको सपना थियो- पर्यटनलाई समृद्धिको आधार बनाउने । त्यही सपना साकार पार्न नेपाल पर्यटन बोर्ड ऐन, २०५३ कार्यान्वयनमा आएपछि २०५५ सालमा नेपाल पर्यटन बोर्डको स्थापना भयो ।

सांस्कृतिक र प्राकृतिक सम्पदाले भरिपूर्ण नेपालको छविलाई संसारभरका पर्यटकसम्म पुऱ्याउन स्थापनादेखि नै बोर्डले विभिन्न क्रियाकलाप गर्दै आएको छ । केवल गन्तव्यको प्रवर्द्धनमा मात्र सीमित नरही बोर्डले हिमालको शान्ति, जंगलको रहस्य र संस्कृतिको मिठासलगायतका नेपाली सम्पदाका आत्मालाई विश्वसामु पस्किने गरी काम गरिरहेको छ । कुनै समय ठमेलका गल्ली र पोखराको लेकसाइडमा मात्र झुम्मिने विदेशी पर्यटक यतिबेला नेपालका कुनाकुनासम्म पुग्ने थालेका छन् । पहिले तीर्थाटनमा मात्र घर बाहिर जाने गरेका नेपालीमा अहिले विभिन्न स्थानमा आन्तरिक पर्यटकको रूपमा घुमफिर गर्ने प्रचलन ह्वात्तै बढेर गएको छ ।

नेपाल पर्यटन बोर्डको प्रयासमा नयाँ गन्तव्य उजागर भइरहेका छन्, पुराना कथालाई नयाँ स्वादमा पस्कने क्रम जारी छ । बौद्ध तीर्थयात्रीको चित्तशान्तिको कामना होस् वा साहसिक हिमाली पदयात्रामा रमाउने युवा नै किन नहुन्, सबैका पाइला नेपाली भूमिको स्पर्श गर्न लालायित छन् । जहाँ प्रत्येक पाइलाले एउटा कथा बोल्छ, प्रत्येक दृश्यको स्मरणले मात्र पनि मन प्रशन्न हुन्छ । यो केवल पर्यटनको यात्रामात्र होइन, नेपाललाई फर्कीफर्की हेर्न चाहने मनको सम्मिलन पनि हो । पर्यटकमा त्यही मनोभाव बगाइरहने वातावरण सिर्जना गर्दै बोर्डले निरन्तर आफ्ना योजना बनाइरहेको छ, नीतिहरूमा सुधार गरिरहेको छ र समयानुकूल रणनीति र क्रियाकलाप परिवर्तन गरिरहेको छ । बोर्डका लागि पर्यटन केवल 'गन्तव्यको व्यापार' मात्र होइन, यो त विचार, संस्कृति र संवेदनाको अन्तर्राष्ट्रिय संवाद पनि हो । यही सन्देश लिएर बोर्ड सन् २०२५ को मार्च ८ र ९ मा अमेरिका, डेनभर (कोलोराडो) मा सम्पन्न 'ट्राभल एण्ड एड्भेञ्चर शो २०२५' मा सहभागी भयो । दुई दिनसम्म चलेको यस भव्य मेलामा २५० भन्दा बढी अन्तर्राष्ट्रिय पर्यटन व्यवसायी सहभागी भए, जहाँ ११ हजारभन्दा बढी आगन्तुकले नेपालका गन्तव्यलाई आँखामा अँगाले ।

अमेरिकामा मात्र होइन, आइटिबी बर्लिनमा सहभागी भएको नेपालका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रिप्रसाद पाण्डेलाई वर्षको उत्कृष्ट पर्यटनमन्त्रीको उपाधिबाट सम्मानित गरियो । पर्यटनमन्त्री पाण्डेको नेतृत्वमा फ्रान्स पुगेको नेपाल पर्यटन बोर्डको प्रतिनिधिमण्डललाई त्यहाँको सरकारले नेपाली पुरातात्त्विक सम्पदा फिर्ता गर्ने प्रतिबद्धतासमेत दियो । विभिन्न कालखाण्डमा चोरी-तस्करीबाट फ्रान्स पुऱ्याइएका नेपाली ऐतिहासिक सम्पदा फिर्ता हुने क्रम जारी छ ।

युरोपका विभिन्न मुलुक पुगेर नेपालका गन्तव्य, नेपाली कला-संस्कृति र खान्की तथा आतिथ्यता प्रवर्द्धनमा लागिरहेको बोर्डले युद्ध लडिरहेको रुस पुगेर शान्तिको कामना गऱ्यो । रुसी नागरिकलाई युद्धबाट पर पुगेर बुद्धको जन्मस्थल, संसारको सबैभन्दा उचो शिखर सगरमाथा हेर्न निमन्त्रणा दियो । बोर्डले संसारका हरेक कुनामा पुगेर नेपालको आत्मा संसारसामु खोलेर देखाउने प्रयत्न जारी राखेको छ । जहाँ हिमालका कुरामात्र हुँदैनन्, शान्तिका सन्देश पनि प्रसार भइरहेका हुन्छन् ।

अमेरिका र युरोपका पर्यटकका लागि साहसिक हिमाली यात्राको आकर्षण बनाएको नेपाललाई बोर्डले म्यानमार, थाइल्याण्डजस्ता बौद्ध बहुल राष्ट्रका लागि 'लुम्बिनीको शान्ति सन्देश'को केन्द्रमा रहच्यो । छिमेकी भारत र चीनका लागि नेपालले धार्मिक सहिष्णुता र बहुसांस्कृतिक सौन्दर्यको उदाहरण त प्रस्तुत गरिरहेकै छ, संयुक्त अरब इमिरेट्सलगायतका मुस्लिम मुलुकमा पनि नेपाली धार्मिक सहिष्णुता र संस्कृतिको प्रवर्द्धन गरिरहेको छ । नेपाली खानाको स्वाद चखाउने, नेपाली कलाको विविधता प्रस्तुत गर्ने जिम्मेवारी बोर्डले निरन्तर निर्वाह गर्दै आइरहेको छ ।

अन्तर्राष्ट्रिय जगतमा नेपालको यो सहभागिता केवल 'डेस्टिनेसन शोकेसिङ्'मा सीमित रहेन, नेपालले पर्यटनमार्फत संवादको वातावरण पनि सिर्जना गऱ्यो । बोर्डले विश्वभरका आगन्तुकलाई नेपाल डाक्न बुद्धिस्ट इन्टरनेसनल ट्राभल मार्ट, हिमालयन ट्राभल मार्ट र सगरमाथा संवादजस्ता अन्तर्राष्ट्रिय कार्यक्रम आयोजना गर्दै आफ्नो 'सफ्ट-पावर' मार्फत देशको सामर्थ्यसमेत प्रस्तुत गरिरहेको छ । बोर्डले विदेशमा गएर कार्यक्रम त गर्छ नै, विदेशीलाई नेपाल बोलाएर पनि कार्यक्रम उत्तिकै संख्यामा गरिरहेको छ । बोर्ड विदेशी पाहुनालाई स्थानीय गन्तव्यमा पुऱ्याउने काममा पनि निरन्तर लागिरहेको छ । साथै, ग्रामीण पर्यटन प्रवर्द्धनका लागि पनि विभिन्न प्रदेशमा ट्राभल मार्ट गर्नेदेखि गाउँ पर्यटन मार्टकोसमेत अवधारणामा निरन्तर काम गर्दै यसका सम्भावना उजागर गर्ने र चुनौती चिर्ने विषयमा बहस गर्दै आएको छ ।

पछिल्लो तीन महिनामा बोर्डले स्वदेश तथा विदेशमा पाँच दर्जनभन्दा बढी पर्यटन प्रवर्द्धनका कार्यक्रम गरिसकेको छ । नेपाल सरकारको पहलमा भएको सगरमाथा संवादको व्यवस्थापन गर्ने र पर्यटनमा जलवायु परिवर्तनले पारेको असरबारे बोर्डले छलफल गराएको छ । सगरमाथा संवाद केवल सम्मेलनमा मात्र सीमित बनेन, जलवायु न्याय, सामाजिक समावेशीता र पर्यटनबारे पुनर्विचार गर्ने बहसको फोरम पनि बनेको छ । जलवायु परिवर्तनले पर्यटकीय क्षेत्रमाथि पारेको प्रत्यक्ष असरबारे बहस भएको छ । वायु प्रदूषणले नेपाल छवि र हिमालको सुन्दरतालाई छोपिदिँदा पर्यटन उद्योगले भोग्नुपरेको पीडालाई र आगामी रणनीतिबारे पनि बोर्डले सरोकारवाला निकायसँग छलफल गराएको छ । बोर्डले नेपालको पर्यटन क्षेत्रमा महिलाको भूमिका र प्रविधिले सिर्जना गरेका समस्या र सहजताका विषयमा पनि बहस र छलफल गराएको छ ।

यसले सरकारलाई दीर्घकालीन नीति र योजना बनाउन सुझाव दिने कामसमेत गरेको छ । सरकार र निजी क्षेत्रबीच सेतुको रूपमा काम गर्दै आएको छ, बोर्डले कहिले सगरमाथाको आधार शिविरमा पुगेर आरोही, टुर गाइड, भरिया र आरोहणसँग सम्बन्धित व्यक्ति र निकायका समस्या सुन्ने गरेको छ भने कहिले सात समुद्रपारी गएर विदेशीलाई नेपाल घुम्न उत्प्रेरित गरिरहेको छ । भुटानमा सम्पन्न 'ग्रामीण पर्यटनमा दक्षिण एसियाली महिला सम्मेलन'मा सहभागी भएर बोर्डले नेपालको महिला-नेतृत्वमा आधारित होमस्टे प्रणाली, ग्रामीण महिलाको स्वरोजगार र स्थानीय उत्पादनलाई पर्यटनसँग जोड्ने मोडेल प्रस्तुत गऱ्यो । जसमा नेपाल, भारत, भुटान, बंगलादेश, माल्दिभ्स, श्रीलंका र अफगानिस्तानका महिला नेतृ र विज्ञहरूबीच बहस भएको थियो । शान्तिका दूत गौतमबुद्धको जन्मस्थान नेपाल भएकाले बुद्धिस्ट इन्टरनेसनल ट्राभल मार्ट (बिआइटिएम) गर्दै विश्वशान्तिको कामनासमेत बोर्डले गरिरहेको छ । २०२५ मे २३ देखि २५ सम्म काठमाडौं र लुम्बिनीमा आयोजना भएको छ । बिआइटिएममार्फत नेपालले नेपाललाई बौद्ध, आध्यात्म र शान्ति पर्यटनको विश्व केन्द्रको रूपमा स्थापित गरिने प्रतिबद्धता जनाएको छ । मुलुक शान्ति र समृद्धिको नयाँ युगतर्फको यात्राको रहेकाले विश्व शान्तिको चाहना राख्नेलाई नेपाल भ्रमण गर्नसमेत आग्रह गरिएको छ ।

त्यसैगरी, जुन महिनाको पहिलो साता हिमालय ट्राभल मार्ट गर्ने भएको छ । बिआइटिएम धर्म र शान्तिका लागि पर्यटन प्रवर्द्धन गर्ने माध्यम हो भने हिमालयन ट्राभल मार्ट (एचटिएम) साहस, सांस्कृतिक मिश्रण र हिमालप्रतिको आकर्षणको आह्वान हो । यसमा साहसिक पर्यटनका लागि नेपाललाई पूर्वाधार, सेवा र सुरक्षा दृष्टिले सक्षम गन्तव्यका रूपमा चिनाउने लक्ष्य लिएको छ । नेपाल पर्यटन बोर्डले डिजिटल रूपमा पर्यटन सेवा प्रदायक, अन्तर ाष्ट्रिय खरिदकर्ता र मिडियालाई जोड्ने सञ्चार प्लेटफर्म विकास गरेको छ । यहाँबाट बिटुबी सञ्जाल निर्माण, टुर प्याकेज प्रवर्द्धन, क्यालेण्डर कार्यक्रम र ट्रेड म्याटेरियल उपलब्ध गराउने गरेको छ । आजको नेपाल केवल सगरमाथा आरोहण, पदयात्रा वा साहसिक पर्यटनको गन्तव्यमा मात्र सीमित छैन । नेपाललाई संवेदनशील, जिम्मेवार र अनुभवमा आधारित पर्यटनको अन्तर्राष्ट्रिय नेतृत्व गर्न सक्षम बनाउने रणनीति अख्तियार गरिएको छ । भूगोल, वेषभूषा, भोजन र भावना-यी सबै नेपालका सम्पत्ति हुन् । संस्कृति र प्रकृतिको अनुपम केन्द्र नेपालका यिनै सम्पदालाई बोर्डले अन्तर्राष्ट्रिय जगतमा प्रस्तुत गर्दै पर्यटकीय राष्ट्रको छवि निर्माण गरिरहेको छ । हिजोको 'पर्यटकीय गन्तव्य' आजको 'नीतिगत बहसको मञ्च' बनिसकेको छ ।

यसबीचमा सगरमाथा आरोहणको ७२औं वर्ष पूरा भएको अवसरमा आयोजित सगरमाथा दिवसमा नेपाल पर्यटन बोर्डले 'वर्ल्ड समिटर्स समिट' को आयोजना गरेको छ । यसमा सगरमाथा आरोहण गरेका र सगरमाथा क्षेत्रमा काम गरिरहेकालाई एउटै मञ्चमा ल्याएर हिमाल आरोहणका समस्या, चुनौती र समाधानका उपायबारे गम्भीर र जिम्मेवार बहस चलाएको छ । नेपाल सरकारले नेपालको पर्यटन नीति सुधारका लागि 'राष्ट्रिय पर्यटन संवाद' सञ्चालन गरेको छ । बोर्डको समन्वयमा गरिएको यस कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले नै नीति सुधारका लागि सरोकारवाला निकायको सुझाव महत्त्वपूर्ण भएको र सुझावअनुसार नीति बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । बोर्ड अब एउटा संस्थामा मात्र पनि सीमित रहेन, यो त नेपालका सपना, सम्भावना र संस्कृतिको संवाहक बनेको छ- जहाँ गन्तव्यहरू बोल्छन्, संस्कृति गुञ्जिन्छ, र प्रत्येक आगन्तुकको हृदयमा सधैंका लागि नेपाल बस्न थाल्छ । आखिर, जुन देशका आकाशमा सगरमाथा मुस्कान बन्न उभिन्छ, त्यो देशको पर्यटन सपनामात्र होइन, विश्वलाई देखाउने सन्देश हुन्छ- शान्ति, संस्कृति र संवेदनाको सुन्दर संवाद । *रासस*

*(लेखक नेपाल पर्यटन बोर्डसँग आबद्ध छन्)*

## श्रम सरोकार

### नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# संविधान संशोधनको विषयलाई सामान्य रूपमा लिनु हुँदैन



■ शंकर भण्डारी

देशले गणतन्त्र प्राप्त गरेको १८ वर्ष भएको छ । तर, व्यवस्था फेरिए पनि जनताको अवस्था उस्तै छ । यो अवधिलाई फर्केर हेर्ने हो भने देशको आर्थिक अवस्थामा कुनै फरक आएको छैन । देशको बाह्य सम्बन्धमा तात्त्विक सुधार हुन सकेको छैन । त्यसकारण जबसम्म जनताको आवस्थामा परिवर्तन आउँदैन, तबसम्म गणतन्त्र दिवस मात्रै मनाउनुले कुनै अर्थ राख्छ जस्तो मलाई लाग्दैन । हामी लोकतान्त्रिक प्रणालीमा छौं । प्रजातान्त्रिक प्रणालीमा जो कोहीले पनि फरक मत राख्न पाउँछ । अहिले देशको राजनीतिक व्यवस्थाको विकल्प खोज्न सबै जनतालाई अधिकार छ । कसैले परक मत राख्दैमा त्यसको खेदो गर्नु हुँदैन । लोकतन्त्रमा जनताका असन्तुष्टिलाई सरकार र राजनीतिक दलले अन्यथा लिनु हुँदैन ।

संविधान पूर्ण छैन । संविधान जारी गर्ने बेलामा पनि धेरै विमतिहरू थिए । संविधानमा जनताका धेरै सवाल समावेश हुन सकेको छैन । यो संविधान जनताको मतविपरीत जारी गरिएको छ । त्यतिबेला राजनीतिक दलको सम्झौताका रूपमा यो संविधान जारी भएको हो । संविधान जारी गर्ने बेलामै राजनीतिक दलहरूले गल्ती गरेका छन् । अब यसलाई सच्याउनको निम्ति पनि संविधान संशोधन जरुरी छ । संविधान जारी गर्ने समयमा छुटेका जनताका सवाल र जारी भएको यो १० वर्षको अवधिलाई गहिरो गरी समीक्षा गरेर संशोधन गर्न जरुरी छ । संविधान संशोधनको विषयलाई सरकार र मुख्य राजनीतिक दलले सामान्य रूपमा लिनु हुँदैन ।

सरकार गठनका क्रममा नेपाली कांग्रेस, नेकपा एमालेलगायत सात राजनीतिक दलबीच संविधान संशोधन गर्ने सहमति भएको छ । तर आज सरकार बनेको ११ महिनासम्म पनि संविधानको विषय टुंगो लागेको छैन । संशोधनको नाममा जनतालाई भुलभुलैमा पार्नु हुँदैन । सरकारले मुख्यगरी जनताको भावनाअनुसार संविधानको विषय ल्याउनुपर्छ । संशोधन सरकारले बहुमतको आधारमा गर्नु हुँदैन । जसरी जारी गर्ने बेलामा सबै राजनीतिक दलको बीचमा सहमति भएको थियो । त्यसरी नै संशोधनमा पनि जनताको भावनाअनुसार सबै दलको सहमति हुनुपर्छ ।

अहिलेको संघीय संरचना अत्यन्त महँगो छ । संघीयताबारे पनि गहिरो गरी समीक्षा गर्नुपर्छ । संघीयताको नाममा अनावश्यक खर्च भइरहेको छ । युवा शक्ति विदेश पलायन हुनु देशको लागि विडम्बनाको अवस्था हो । देशभित्र रोजगारी नपाएर मात्रै होइन । रोजगारी पाएका निजामती सेवा, नेपाल प्रहरी, नेपाली सेना पनि जागिर छोडेर विदेश पलायन हुँदै छन् । कोही अध्ययनको निम्ति भन्दै विदेश पलायन भएका छन् । उनीहरूलाई देशभित्रै रोजगारी दिने, व्यावहारिक शिक्षा दिने र उपयुक्त सेवासुविधा दिने विषयमा सरकारको ध्यानै जान सकेको छैन ।

वर्तमान सरकारमात्रै होइन, यसअघिका सरकारको पनि पर्याप्त ध्यान पुगेन । देश सुधार गर्न पहिला राजनीतिक दलमा सुधार जरुरी छ । राजनीतिक दल एकले अर्कालाई आरोप लगाएरमात्रै हुँदैन । हामी नेताहरू सच्चिन जरुरी छ । हामी नेताहरू अहंकारी र गैरजिम्मेवार भएका छौं । हामीमा म जस्तो कोही छैन भन्ने भ्रम पैदा भएको छ । यी सबै भ्रमबाट मुक्त भएर दल र दका नेताहरू सच्चिनुपर्ने अहिलेको आवश्यकता हो । त्यसपछि मात्रै देश बन्छ ।

म नै सर्वेसर्वा भन्ने भ्रमबाट हामी मुक्त हुनुपर्छ । नेताले आफ्नो लागि होइन, जनताको निम्ति काम गर्नुपर्छ । हामी नेताहरू जनताप्रति उत्तरदायी हुनुपर्छ । जिम्मेवार हुनुपर्छ । सरकार र राजनीतिक दलले जनताको पक्षमा काम गर्नुपर्छ । सबैभन्दा पहिला देशलाई आर्थिकरूपमा सम्पन्न बनाउन जरुरी छ । त्यसको निम्ति आफ्नै देशको पर्यटन विकासमा जोड दिनुपर्छ ।

बन्द भएका र रुग्ण अवस्थामा रहेका उद्योग/कलकारखानाको सञ्चालन गर्नुपर्छ । हामीसँग पर्याप्त जल छ । त्यसको भरपूर उपयोग गर्दै रोजगारी सिर्जना गर्नुपर्छ । अहिलेसम्म देश विकास नहुनुमा नेताहरूले नैतिक जिम्मेवारी लिनुपर्छ । राजनीतिक दलका नेताले निर्वाचनको समयमा जनतासामु राखेका प्रतिबद्धता पूरा गर्ने गरी काम गर्नुपर्छ ।

अहिले पनि सरकारले ठोस नीति र कार्यक्रम बनाउन नसक्दा विकासका योजना मलपत्र परेका छन् । मुख्य कुरा यो वर्तमान सरकारले विकासका योजनाहरू समयमै सम्पन्न गर्न नसक्नुको कारण र समाधानका उपायहरू खोज्न जरुरी छ । कुनै पनि निर्माणका कामहरू समयमै सम्पन्न गर्न जरुरी छ । सुशासनको निम्ति सरकारले भ्रष्टाचारीलाई कडा कारबाही गर्नुपर्छ । आफ्नो पार्टीको मान्छे हो भनेर कुनै पनि सरकारले आफ्ना नेता/कार्यकर्ताको संरक्षण गर्नु हुँदैन । तर, अहिले यहाँ त्यही भइरहेको छ । भ्रष्टाचार अन्त्य गर्दै देशमा सुशासन कायम गर्न आमनागरिकको पनि महत्त्वपूर्ण भूमिका हुन्छ ।

*(नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा सदस्य भण्डारीसँग राससले गरेको कुराकानीमा आधारित)*

# रूपन्देहीका नदी क्षेत्रमा अवैध उत्खनन बढ्दो

■ दामोदर खनाल



**रूपन्देही–** रूपन्देहीको तिनाउ नदी र यस आसपासका खोला क्षेत्रमा नदीजन्य पदार्थको अवैध उत्खनन र ओसारपसार अनियन्त्रित बन्दै गएको छ । बुटवल उपमहानगरपालिका र तिलोत्तमा, देवदह, सैनामैना नगरपालिकाका क्षेत्रमा रहेका खोला नदीबाट नदीजन्य पदार्थको मापदण्डविपरीत उत्खनन ओसारपसार भइरहेको हो ।

उक्त कार्यको स्थानीयबाट चर्को विरोध हुँदै आएको छ । वडा, पालिका र जिल्ला समन्वय समिति गरी तीन तहबाट अनुगमन गर्ने व्यवस्था मिलाइए पनि नदीजन्य पदार्थको जथाभावी उत्खनन र चोरी निकासी रोकिएको छैन ।

ठेकेदार, स्थानीय जनप्रतिनिधि र बिचौलियाहरूको मिलेमतोमा यस क्षेत्रका खोला र नदीहरूमा गिटी, ढुंगा, बालुवालगायतको अवैध ढंगले उत्खनन हुँदै आएको स्थानीयको भनाइ छ । तिलोत्तमा नगरपालिका वडा नम्बर ६, गोरकट्टामा रहेको कश्यप नमूना रोडा उद्योग कारबाहीमा परेको छ । नदीजन्य पदार्थ र उत्खननको ठेक्का पाएको ठेकेदार र क्रसर उद्योग मिलेर तिलोत्तमा नगरपालिकाको डम्पिङमा लैजानुपर्ने नदीजन्य पदार्थ गिटी, बालुवा, ढुंगा अवैधरूपमा कश्यप नमूना प्रालिमा लगेको पाइएपछि जिल्ला अनुगमन समितिबाट कारबाहीमा परेको हो ।

यस क्षेत्रका नदी खोलामा स्थानीय प्रशासनले सोमबार अनुगमन गरेको थियो । अनुगमनका क्रममा केही इजाजतविनाका माल ओसारपसारमा संलग्न गाडीहरू नियन्त्रणमा लिएको र केहीलाई जरिवानासमेत गरिएको बताइएको छ । जिल्ला समन्वय समिति रूपन्देहीका प्रमुख उमाकान्त चापागाईं गैरकानुनीरूपमा भएको उत्खनन रोक्नुका साथै केहीलाई कारबाही भएको बताउँछन् ।

उनले आवश्यकताअनुसार खोलानदीमा प्राविधिकको रोहबरमा सीमांकन र उत्खनन भएको तर अनुगमनका क्रममा केही ठाउँमा बढी माल निकालिएको र गलत ठाउँमा डम्प गरेको पाइएकोले कारबाही गरिएको बताए । सबै ठाउँका एकै पटक ठेक्कामा लगाइएकोले सुरक्षा दिन र अनुगमन गर्न केही समस्या भएको उनले बताए । एउटा उत्खनन गर्ने ठाउँमा एक जनामात्र प्रहरी हुने हुँदा पालिकाको प्रहरी नभएका ठाउँमा समस्या परेको जिसस प्रमुख चापागाईंले बताए ।

केही ठाउँमा प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) गर्ने कम्पनीले पनि बदमासी गरेको पाइएको उनले बताए । बुटवल देवीनगर खेल मैदानदेखि पश्चिम तिनाउमा नदीको भागभन्दा बढी ४५ मिटर चौडा उत्खनन गर्न दिनेगरी आइइई गरिदिएकोमा विवाद भएपछि २७ मिटरमा झारेर तीन मिटर गहिरो खन्नेगरी व्यवस्था मिलाइएको उनले जानकारी दिए ।

नदीजन्य पदार्थ उत्खनन गर्ने, नगर्ने सम्पूर्ण अधिकार स्थानीय तहलाई भएकोले समस्या हुने गरेको र केही स्थानीय तहले जिम्मेवारी बहन नगरिदिँदा समस्या आएको पनि सम्मन्वय समितिका प्रमुख चापागाईंले बताए ।

तिलोत्तमाको मगरघाट दक्षिण गोरकट्टा क्षेत्र, बुटवलको देवीनगर खेल मैदानको उत्तर पश्चिम, देवदहको चरंखे खोलालगायतका ठाउँमा नदीजन्य पदार्थको ठूला-ठूला खाडल बनाउँदै अवैध उत्खनन गरी विभिन्न ठाउँमा डम्प गरेर राख्ने गरेको भए पनि स्थानीय सरकार र सरोकारवालाको ध्यान जान नसकेको स्थानीयको गुनासो छ । विगत लामो समयदेखि नै तिनाउ, दानव, रोहिणी नदी तथा आसपासका खोलामा अवैधरूपमा नदीजन्य पदार्थ उत्खनन हुँदै आएको थियो । जुन क्रम रोकिएको छैन ।

राजमार्गको बाटो प्रयोग गरेर खुलेआमरूपमा चोरीका मालवाहक गाडी ओहरदोहर गर्दा पनि प्रहरीको ध्यान गएको पाइँदैन । रूपन्देहीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले केही ठाउँमा अनुगमन सुरु गरेको बताए । मापदण्डभन्दा बढी उत्खनन गरेको पाइएमा कारबाही हुने उनको भनाइ छ ।

हाल तिलोत्तमा नगरपालिकाको गोरकट्टा क्षेत्रमा उत्खननमा रोक लगाइएको छ । समाजवादी मोर्चा रूपन्देही, नेकपा माओवादी केन्द्र रूपन्देही र नेकपा एकीकृत समाजवादी रूपन्देहीले मंगलबार संयुक्त विज्ञप्ति जारी गर्दै अवैधरूपमा नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसार गर्नेलाई कारबाही गर्न माग गरेको छ ।

# वन जोगाउन उपभोक्तालाई ग्यास चुलो

**कैलाली (प्रस)–** कैलालीको मोहन्याल गाउँपालिकामा वन जोगाउने उद्देश्यले उपभोक्तालाई ग्यास चुलो वितरण गरिएको छ । पालिकाको वडा नम्बर १ चायाभावरमा रहेको कोपिला सामुदायिक वन उपभोक्ता समितिले बुधबार आफ्ना १४८ जना उपभोक्तालाई १० लाख ३६ हजार रूपैयाँबराबरको ग्यास चुलो वितरण गरेको हो ।

उपभोक्ताहरूले दाउरा संकलन गर्दा वन फँडानी गर्ने, गोलियाहरू टुक्र्याउनेलगायतका समस्या देखिन थालेपछि आफूहरूले ग्यास चुलो वितरण गरेको सामुदायिक वनका अध्यक्ष गणेशबहादुर बुढा मगरले बताए । 'दाउरा चाहियो भनेर स-साना बुट्यानहरू काट्न थाले । कतै रुख ढलेको भए चिरेर दाउरा बनाउन थाले । नकाट भने नमान्ने, चोरी चोरी काट्न थाले । अनि त्यसका लागि ग्यास बाँडेका हौं । घरमा ग्यास भए त दाउरा कम प्रयोग हो नि हैन ?,' उनले भने ।

सामुदायिक वनले ग्यास बाँडेपछि उपभोक्ता रूपा बस्नेतले खुसी व्यक्त गरिन् । ग्यास लिन लाइनमा बसेकी उनी दाउरा प्रयोगले कामका लागि समय बचत नहुने, धुवाँजन्य रोगहरू बढ्ने, आवश्यक पर्दा बालबालिकाहरूले समयमै खान नपाउने समस्या रहेको पनि सुनाइन ।

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रौटा, कपिलवस्तुको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०२/२३ गतेको प्रभाव राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८१/०६/२२ गतेको कान्तिपुर राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/११/१७ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८१/०६/२२ को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त भएका गोप्य शिलबन्दी बोलपत्रहरु सरकारी प्रतिनिधिहरुको रोहबरमा खोली हेर्दा लिलाममा चढाइएको धितो मध्ये आंशिक धितो मात्र सकार गर्न बोलपत्र प्राप्त भएको हुँदा सो लाई बिक्री गरी बाँकी भएको धितोको हकमा पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरी इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

कपिलवस्तु जिल्ला, शिवराज न.पा. वडा नं. ५ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा मिति २०७१/०१/०४ मा प्रा.फ.र.नं. ४६९४४/०७७, ५०१४/०७१ क.व. भारत आयात तथा आन्तरिक राजश्व कार्यालय, कृष्णनगरमा मिति २०६७/०४/२९ मा स्थायी लेखा नम्बर (PAN) ३०४१८६८८४ अन्तर्गत दर्ता कायम भएको **गरिव नवाज सिध्दा माछा पसल ।**

**प्रोप्राईटर : लाला सैयद मुसलमान**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. अनवर सैयद मुसलमानको नाति, दुलारे सैयद मुसलमानको छोरा, कपिलवस्तु जिल्ला, साविक कजरहवा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा. वडा नं. ५, चन्द्रौटा बस्ने **लाला सैयद मुसलमान** (ना.प्र.नं. ३८/१८०/स.१/९३२, जारी मिति २०५१/०४/१०, जि.प्र.का. कपिलवस्तु) ।

२. दुलारे सैयद मुसलमानको बुहारी, लाला सैयद मुसलमानको पत्नी, कपिलवस्तु जिल्ला, साविक कजरहवा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा. वडा नं. ५, चन्द्रौटा बस्ने **आलिया खातुन सैयद मुसलमान** (ना.प्र.नं. ३८१०३९/४४८, जारी मिति २०६४/०७/१९, जि.प्र.का. कपिलवस्तु) ।

३. दुलारे सैयद मुसलमानको नाति, लाला सैयद मुसलमानको छोरा, कपिलवस्तु जिल्ला, साविक कजरहवा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल कपिलबस्तु जिल्ला, शिवराज न.पा. वडा नं. ५, चन्द्रौटा बस्ने **नसिम अहमद सैयद मुसलमान** (ना.प्र.नं. ३८३०३९/६, जारी मिति २०७०/०२/२४, जि.प्र.का. कपिलवस्तु) ।

४. दुलारे सैयद मुसलमानको नाति, लाला सैयद मुसलमानको छोरा, कपिलवस्तु जिल्ला, साविक महाराजगंज गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा. वडा नं. ५, चन्द्रौटा बस्ने **समिम अहमद सैयद मु.** (ना.प्र.नं. ३८-०१-७१-०९६११, जारी मिति २०७१/१२/१५, जि.प्र.का. कपिलवस्तु) ।

५. दुलारे सैयद मुसलमानको नाति, लाला सैयद मुसलमानको छोरा, कपिलवस्तु जिल्ला, साविक महाराजगंज गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा. वडा नं. ५, चन्द्रौटा बस्ने **वसीम सैयद मु.** (ना.प्र.नं. ३८-०१-७७-०८११४, जारी मिति २०७७/११/२५, जि.प्र.का. कपिलवस्तु) ।

**धितोको विवरण**

१. गरिव नवाज सिध्दा माछा पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Hypothecation of stocks/Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

२. आलिया खातुन सैयद मुसलमान (ना.प्र.नं. ३८१०३९/४४८, जारी मिति २०६४/०७/१९, जि.प्र.का. कपिलवस्तु) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कपिलवस्तु जिल्ला, साविक विरपुर गा.वि.स./न.पा. वडा नं. ८ नक्सा सिट नं. क हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा. वडा नं. ५ स्थित कि.नं. ३२७९ को क्षेत्रफल ०-०-६ (विघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय चन्द्रौटा, कपिलवस्तुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०३/०६ गते १४:०० बजे भित्र यस बैंकको शाखा कार्यालय चन्द्रौटा, कपिलवस्तुमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०३/०७ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय चन्द्रौटा, कपिलवस्तुमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको प्रधान कार्यालय हात्तिसार काठमाडौं तथा शाखा कार्यालय चन्द्रौटा, कपिलवस्तुमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : चन्द्रौटा, कपिलवस्तु
फोन : ०७६-५४०५२१
Website : www.siddharthabank.com

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८२/०२/२३ गते**

श्री प्राथमिक विद्यालय हापुर, शिवपुर, घोराही उप-महानगरपालिका वडा नं. ११, हापुर, विजौरी ६ घ कि.नं. ४४, क्षेत्रफल २-१४-१/७ ज, कि.नं. १ र ११ क्षेत्रफल क्रमशः ०-२-२-८ र ४-०२-१६ को जग्गाहरूमा रहेका खयर, सिसौं, घोघर र कोरिकाठ प्रजातिको गोलिया थान ६२२ को १०३०.७७ घ.फि. र ०.४० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिन भित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलि पल्ट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस विद्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना श्री प्राथमिक विद्यालय हापुर, शिवपुर, घोराही उप-महानगरपालिका वडा नं. ११, हापुर, बिजौरी, दाङको सूचना पाटीमा टाँस गरिएको छ ।

- वि.व्य.स. अध्यक्ष

## एनएमबि बैंक लिमिटेड

बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८२/०२/२३

यस बैंकको निक्षेपकर्ता राजमान राईको नातिनी, देश बहादुर राईको छोरी, राम बहादुर मगरको पत्नी, झापा जिल्ला, कमल गाउँपालिका, वडा नं. ०४ बस्ने, वर्ष ६५ को, श्री राम कुमारी मगरको (ना.प्र.प.नं. ९७७३१८०१ झापा, जारी मिति २०४६/०३/१५) को मिति २०८१/१०/०४ मा निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको छोरी बबिता मगरले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै ब्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको छोरी बबिता मगरको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूचि दर्ता गर्ने बारेको सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८२/०२/२३)

यस कम्पनीलाई आर्थिक वर्ष २०८२/०८३ को लागि आवश्यक पर्ने तपशिलमा उल्लेखित सामान तथा विविध प्रकारका सेवाहरु आपूर्ति तथा प्रवाह गर्ने प्रयोजनको लागि इच्छुक रजिष्टर्ड फर्म र कम्पनीहरुको सूची दर्ता गराउनु पर्ने भएकोले सम्बन्धित विषयको कारोवार गर्न स्वीकृति प्राप्त गरेका फर्म तथा कम्पनीले आपूर्ति र प्रवाह गर्ने सामान तथा सेवाको विवरण, फर्म र कम्पनी दर्ता प्रमाणपत्र, फर्म र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा सूची दर्ताको लागि निवेदन समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

***पुनश्चः एक भन्दा बढी सामान तथा सेवाहरुमा सूची दर्ता गराउदा प्रत्येक सामान तथा सेवाहरुका लागि फरक फरक कागजातहरु उपलब्ध गराउनुपर्नेछ ।**

**सूची दर्ता गर्नु पर्ने सामान तथा सेवाहरुः**

१. मसलन्द सामान (स्टेशनरी) सामाग्री आपूर्ति
२. छपाई सम्बन्धी कार्य तथा आपूर्ति
३. कुरियर सेवा
४. कम्प्यूटर, ल्यापटप, प्रिन्टर, फ्याक्स, फोटोकपि, स्क्यानर र सोको पार्टपुर्जा आपूर्ति, निर्माण तथा मर्मत सम्भार
५. प्रिन्टर, फोटोकपि मेसिनको इन्क कार्टेज, टोनर इत्यादी
६. विज्ञापन, प्रचार-प्रसार तथा सञ्चार सम्पर्क (Media Handling) सम्बन्धी सेवा
७. अफिस फर्निचर तथा मेटल फर्निचर आपूर्ति
८. फ्लेक्स साईन बोर्ड, होर्डिङ्ग बोर्ड तथा साइन बोर्ड आदि आपूर्ति, निर्माण तथा मर्मत सम्भार
९. फ्लोरिङ्ग, फर्निसिङ्गका सामानहरु आपूर्ति
१०. खानेपानी आपूर्ति (Mineral Water)
११. विद्युतीकरण, विद्युतीय सामाग्री तथा उपकरणहरु आपूर्ति तथा मर्मत सम्भार कार्य
१२. CCTV, Security Alarm System, EPABX, Telephone sets, Fire Extinguisher आपुर्ति तथा मर्मत सम्भार कार्य
१३. Air Conditioner, Generator आपूर्ति तथा मर्मत सम्भार कार्य
१४. Lift/Elevator मर्मत सम्भार कार्य
१५. कार्यालय निर्माण तथा पूननिर्माण, आन्तरिक सजावट कार्य
१६. सुरक्षा गार्ड तथा सरसफाई सम्बन्धि सेवा
१७. इन्भर्टर, ब्याट्रि तथा सोलार आपूर्ति तथा मर्मत कार्य
१८. ट्राभल एजेन्सी सम्बन्धि सेवाहरु
१९. टेलरिङ्ग सम्बन्धि कार्य, ब्याग, छाला जुत्ता, रेनकोट तथा Promotional Items आपूर्ति
२०. Data Connectivity and Internet सेवा
२१. Software, Website, Mobile App Design and Development सम्बन्धी सेवा
२२. Disaster Recovery, IT Audit/IT Security सम्बन्धी सेवा
२३. SMS/Viber/Whatsapp value addition सम्बन्धी सेवा
२४. शेयर लगायत धितोपत्रहरु खरिद बिक्री सम्बन्धी सेवा
२५. निर्जीवन बीमा, औषधी उपचार तथा दुर्घटना बीमा सम्बन्धी सेवा
२६. किताब छपाई सम्बन्धी कार्य
२७. Construction सम्बन्धी कार्य

National Life
for a secure future....
लाजिम्पाट, काठमाडौं, फोनः ४५१४७९९, वेभः www.nationallife.com.np

## साउदी/युएइमा रोजगार

कम्पनी : Ceeyam group limited one person company

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ | LT. No. 325274 | चलानी नं. ६०२३९१९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Labor | 10 | 0 | 1000 | ३६,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CEEYEM GROUP GENERAL CONTRACTING - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ | LT. No. 325198 | चलानी नं. ६०२३९१६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 2 | 0 | 1000 | ३७,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ६१९/०६३/०६४
Nasser Outsourcing Consultants Pvt. Ltd.
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org

## साउदीमा रोजगार

कम्पनी : AALI AL SHAMUKH CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ | LT. No. 325165 | चलानी नं. ६०२३९१४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP WORKER | 1 | 0 | 1000 | ३६,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।**

